Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ७, २०८२ साल भदौ १७ गते मंगलबार (September 2, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# जेन्जी प्रदर्शनमा प्रहरीको गोलीबाट १४ को मृत्यु










काठमाडौं- जेनजीको प्रदर्शनमा प्रहरीको गोली लागेर मृत्यु हुनेको संख्या १४ पुगेको छ । ट्रमा सेन्टरमा ६, सभिलि अस्पतालमा ३, केएमसी अस्पतालमा १ र त्रवि शिक्षण अस्पतालमा १ र एभरेष्ट अस्पतालमा ३ जनाको मृत्यु भएको पुष्टि भएको छ ।

सामाजकि सञ्जालमाथि सरकारले लगाएको प्रतिबन्ध विरुद्ध आन्दोलनमा उत्रिएका युवाहरुमाथि प्रहरीले गोली चलाएको थियो । स्वतःस्फूर्त सडकमा उत्रिएका प्रदर्शनकारीहरु प्रहरीको घेरा तोड्दै संसद भवनभत्रि प्रवेश गरेका थिए । उनीहरुले संसद भवनको सुरक्षामा खटएिको प्रहरी पोष्ट कब्जा गरेका थिए। स्थति नियन्त्रणमा लिन प्रहरीले गोली चलाएको हो । स्थति नियन्त्रणमा लिन प्रहरीले दर्जनौं सेल अश्रुग्याँस र पानीको फोहोरा पनि प्रयोग गरेको थियो । स्थिति तनावपूर्ण भएपछि काठमाडौ जिल्ला प्रशासन कार्यालयले काठमाडौंमा कर्फ्यु जारी गरेको छ । कर्फ्यु जारी भएपछ सेनाको टोली सडकमा आएको छ । तर पनि प्रदर्शनकारीहरु रोकएिका छैनन् ।

विभिन्न अस्पतालमा घाईतेहरुको संख्या अधिक रहेको हुनाले मृत्यु हुनेको संख्या अझै बढ्न सक्ने अनुमान गरिएको छ । कतिपय विद्यार्थीहरु हराईरहेको खबर पनि आईरहेको हुनाले कतिपय भीडमा वा गोली लागेर अन्य हस्पिटलमा पुर्‍याएको हुन सक्ने आकलन गरिएको छ ।

# जेनजीको प्रदर्शनमा रिपोर्टिङ गर्न गएका ४ पत्रकार घाइते

काठमाडौं- जेनजीको प्रदर्शनमा रिपोर्टिङ गर्न गएका चार पत्रकार घाइते भएका छन् । प्रहरीले प्रहार गरेको छर्रा र रबरको गोली लागेर चार पत्रकार घाइते भएका हुन् ।

घाइते हुनेहरूमा कान्तिपुर टेलिभिजनका भिडियो पत्रकार श्याम श्रेष्ठ, नयाँ पत्रिका दैनिकका फोटो पत्रकार दिपेन्द्र ढुंगाना, नेपाल प्रेसडटकमका फोटो पत्रकार उमेश कार्की र पत्रकार शम्भु दंगाल घाइते भएका छन् । घाइते दंगालको ट्रमा सेन्टरमा उपचार भएको छ । अन्यको सिभिल अस्पतालमा उपचार भइरहेको छ ।





# जेनजीको प्रदर्शनमा घाइते भएकालाई सरकारले नि :शुल्क उपचार गर्ने



बचाउने जुनसुकै पनि उपचार निःशुल्क गर्न मातहतका सबै संघीय अस्पतालहरूलाई सर्कलर गरेको हो । स्वास्थ्य तथा जनसख्या मन्त्री पौडेलको अग्रसरतामा मन्त्रालयले संघीय अस्पतालमा आउने आन्दोलनका घाइतेलाई कुनै शुल्क नलाग्ने गरी सिघ्र उपचारको व्यवस्था गर्न भनिएको छ ।

यसैगरी, मन्त्रालयले एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउन र आवश्यक परेका विभिन्न स्थानहरूमा सहजै उपलब्ध गराउन पनि निर्देशन दिएको छ ।

काठमाडौं उपत्यकाको एम्बुलेन्स सञ्जाललाई अस्पतालबाट रिफर हुने बिरामीलाई अर्को अस्पातलमा लिएर जान सहजीकरणका लागि समेत आह्वान गरेको छ ।

साथै, सम्पूर्ण चिकित्सक एवम् स्वास्थ्यकर्मीहरूलाई एकजुट भई घाइतेको उपचारमा जुट्न पनि मन्त्रालयले आह्वान गरेको छ ।

## अतिक्रमण गरी बनाइएका संरचना भत्काइयो

काठमाडौं- ललितपुर महानगरपालिकाले लगनखेल क्षेत्रमा सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएको संरचना भत्काएको छ ।

आइतबार बिहान ३ वटा डोजर सहित सो क्षेत्रमा पुगेका नगर प्रहरीले वडा नं. ५ लगनखेलमा



रहेको सरकारी जग्गा कित्ता नं. १०५ क्षेत्रफल जग्गामा निर्माण गरिएको संरचना » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ७,
२०८२ साल भदौ २४ गते मंगलबार
9 SEPTEMBER 2025, TUESDAY

...dfG5]s ;}h]klg sd{lno/ cfPsf]xbg . l ; hgf u/]dfq efUo, ?k ;Gb/ xG5 . dfkg sfsl{

## सम्पादकीय

# पर्दशनमा घुसपैठ हुन नदिउ ।

२३ गतेवाट शुरू भएको जेन्जी पुस्ताको प्रदर्शनको क्रममा १४ जनाको ज्यान गईसकेको छ । अन्य सयौ घाइतेहरू अस्पतालहरूमा उपचाररत छन् । यस्तो वेलामा ति कलिला जेन्जीहरूले गरेको प्रदर्शनमा बिभिन्न तत्वहरूले फाइदा उठाउन सक्छन् । त्यसको लागि सुरक्षा निकायका सवै सयन्त्र चनाखो हुनुपर्छ ।

नेपालमा यस्ता कुनै घटनाहरूमा प्रदर्शन हुदा घुसपैठ गरेर अन्य तत्वहरूले आगजनी, लुटपाट तोडफोड व्याक्ति विशेषलाई लक्षित गरेर मारपीट गरी हत्या गर्ने सम्मका हर्कत र उक्साहट गर्न सक्छन् । त्यस्तै घटना विगतका रित्तिक रोषण काण्ड, ईराकमा नेपालीलाई घाटी रेटेर हत्या गरिएको विरोधमा २०६१ साल भदौ १६ गते भएको म्यानपावर तोडफोड, आगजनी लुटपाट काण्ड जस्ता घटनाहरू हेर्दा नेपालमा एकथरी मानिसहरूको मनोबृति र छिमेकी राष्ट्रवाट नेपालमा यस्तै अपराधिक कृयाकलाप गर्न नै भनेर आएका अपराधी समूहहरू समेत नेपालमा लुकीछिपी बस्दै आएका र पछि नेपाल प्रहरीले वेला वेलामा पक्राउ गरेका घटनावाट पनि पुष्टि हुदै आएका छन् ।

त्यसकारण नेपालको प्रति आताङ्कवाद, तथा प्रदर्शनमा हुने घुसपैठ रोक्न र नेपालीहरूले गर्ने प्रदर्शनलाई शान्तिपूर्ण ढंगवाट सञ्चालन गर्नको लागि सवै खालका उपायहरू अपनाउनुपर्छ । यो नेपाल सरकारको दाईत्व हो ।

आफ्नो दाईत्व भित्र रहेर नेपाल सरकार मातहतमा रहेको सुरक्षा सयन्त्रले एकदमै चनाखो हुनुपर्ने आवश्यकता छ । २३ गते जसरी असावधानी तथा घुसपैठका कारण जसरी मानवीय क्षति भयो त्यसैगरी २४ गतेको प्रदर्शनका त्यस्तो खालको कुनैपनि मानवीय क्षति हुन नदिन विशेष सावधानी अपनाउनुपर्छ । लोकतान्त्रिक नेपालको परिचय दिएर थप क्षति हुनवाट जोगाउन सवै उपाय अपनाउनुपर्छ ।

# आपसमा छेडछाड गर्ने प्रवृत्ति आफ्नै लागि घातक



● हर्कनारायण श्रेष्ठ

नेपालमा २०७२ को संविधानले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याएको छ । यो व्यवस्था प्राप्त गर्नका लागि कैयौंको बलिदानी भएको छ । संविधानमा व्यवस्था भएबमोजिम सोको जगमा रहेर शासन व्यवस्था चलिरहेको अवस्था छ । संविधानसभाले बनाएको हाम्रो देशको संविधान देशले प्राप्त गरेर कार्यान्वयनमा ल्याउनु चानचुने कुरा होइन ।

निरंकुश तानाशाही राजतन्त्रपछि २०४६ सालको जनआन्दोलनले राजतन्त्रलाई फालेर प्रजातन्त्र ल्यायो । २०५२ सालमा शुरु भएको माओवादी जनयुद्धले करिब १७ हजार जनताको ज्यानलाई बलिवेदीमा चढाएर २०६२/०६३ को लोकतान्त्रिक आन्दोलनले व्यवस्था नै परिवर्तन भयो । कैयौँ घाइते भए भने कैयौँ बेपत्ता भएका छन् । कैयौँ घाइतेहरु अशक्त भएर उपचारविहीन अवस्थामा बस्न बाध्य भएका छन् ।

घाइते, अपाङ्ग, अशक्तहरुको रगत-पसिना तथा ज्यानको आहुतिबाट लोकतान्त्रिक गणतन्त्रात्मक बहुदलीय संविधान प्राप्त भएको छ । यो हाम्रा लागि गौरवको कुरा हो । जुन संविधानमा जाति, जनजाति, आदिवासी, दलित, महिला, बालबालिका, मधेसी, मुस्लिम, पिछडिएका अशक्तलगायतका सबैको समावेशी सहभागिताको व्यवस्था रहेको छ । जनताले बनाएको संविधानको जगमा बसेर देशको विकास निर्माणको काम भइरहेको छ । यो हाम्रो लागि अत्यन्त गौरवको कुरा हो ।

अहिले हाम्रो देश नेपालमा सात प्रदेश, ७५३ स्थानीय तह र संघमा केन्द्रीय सरकारसमेत गरी जम्मा ७६१ सरकार रहेका छन् । स्थानीय तहलाई त घरदैलोको सरकार भनिएको छ । नभन्दै त्यो व्यवस्थाअनुसारको काम पनि प्रारम्भ भएको छ । देशभरि ६,७४३ वडाहरु रहेका छन् । ती वडाहरु टोल विकास संस्थाका माध्यमबाट विकास निर्माणमा लागिपरेका छन् । टोल विकास संस्थाभित्रका अन्य गाउँ-टोलहरुको समस्या समाधान गर्न प्रयास भइरहेको छ । विकास निर्माणलाई अघि बढाउन विभिन्न प्रकारका क्रियाकलापहरु भइरहेका छन् । जुन क्रियाकलापले ‘समृद्ध नेपाल सुखी नेपाली’को नारा र सपनालाई साकार पार्न मद्दत गर्दछ ।

जनप्रतिनिधिहरुलाई दलहरुबाट दलको नीति-नियममा नियमन एवं नियन्त्रण गरेर समन्वयात्मक ढंगबाट चलाउने प्रयास भइरहेको छ । यसलाई अरु सशक्त ढंगले अगाडि बढाउनुपर्नेमा केही व्यक्ति तथा दलहरुले देशमा केही भएन, केही गरिएन भन्ने गलत भाष्य बनाएर प्रचारबाजीमा लागेको देखिन्छ । यस कुरालाई गलत भाष्यमा परिणत गर्नेहरुले गहिरिएर अध्ययन गरेपछि मात्र बोल्नु उचित हुन्छ । एक-अर्कामा अनावश्यक छेडछाड गर्ने मनोप्रवृत्तिले समाजलाई पछि सार्ने काम गर्छ भन्ने कुरा बुझ्न नसक्नु कमजोरी हो । देशमा विकास निर्माणको काम भइरहेको अवस्थामा देशमा केही भएन, केही गरिएन भन्ने गलत प्रचारले कसैको पनि स्वार्थ पूरा हुँदैन । यस्तो छेडछाड गर्ने प्रवृत्ति आफ्नै लागि घातक हुन्छ । यो कुरा नबुझ्नु राजनीति गर्नेहरुका लागि अभिशाप हो ।

एक दलले अर्को दललाई छेडाछेड गर्ने र आफ्नै दलभित्र पनि मतभेद हुनु अवश्य पनि राम्रो कुरा होइन । यस्तो छेडछाडले मुलुकमा अग्रगमन होइन पश्चगमनको बाटोले स्थान पाउँछ । हालको विकास निर्माणको गति र पद्धतिलाई सबैले सहयोग गर्नँपर्दछ । व्यवस्था तथा बहुमतको सरकारलाई संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दल र सर्वसाधारण सबैले सहयोग गरी ‘समृद्ध नेपाल सुखी नेपाली’ को आह्वानलाई सफल बनाउन सरकारलाई साथ दिनुपर्दछ । हामीले आ-आफ्नो तर्फबाट देशको भविष्य बनाउन होस् वा सरकारको लक्ष्य र उद्देश्य पूरा गर्नँ हामी सबैको कर्तव्य पनि हो । ‘समृद्ध नेपाल सुखी नेपाली’को नारालाई सफल बनाउन र राष्ट्रका लागि योगदान गर्न हामीले स्वार्थ त्यागेर लागिपर्नँपर्ने हुन्छ । र, यो हामीले गरेको काम राष्ट्रका लागि योगदान नै हुनेछ ।

केही व्यक्ति, समूह, दलको स्वार्थमा नलागी सम्पूर्ण देश र जनताको हितमा लाग्नु जरुरी छ । यो भएन, त्यो भएन भन्नुभन्दा पनि सबै मिलेर कसरी समस्या समाधान गर्ने हो त्यस विषयमा एकमतका साथ अघि बढ्नुपर्दछ । देशको लक्ष्य र उद्देश्य पूरा गर्न कसरी अगाडि बढ्न सकिन्छ भन्नेतर्फ पुराना र नयाँ दल मिलेर देशको विकास निर्माण र सर्वोपरि हितमा उभिनुपर्दछ । केवल छेडछाडतिर मात्र लाग्ने, निहुँ खोज्नेजस्ता क्रियाकलाप बन्द गर्नँपर्दछ ।

स्थानीय प्रदेश र संघीय सरकारको समस्या भए के-कसरी समाधान गर्ने र राष्ट्रभित्र बाहिरी राष्ट्रले हस्तक्षेप गरे वा गर्न खोजे सबै दल-समूह एकजुट भएर मुकाबिला गर्न सक्ने हैसियत राख्नुपर्दछ । तर अहिले लिपुलेक, कालापानी, लिम्पियाधुराबारे चीन र भारतले एक-आपसमा मिलेर नेपाललाई मतलव नराखी नेपाल सरकारसँग कुनै छलफल, सहमति, सम्झौता नै नगरी व्यापारिक प्रयोजनमा नेपाली भूमि प्रयोग गर्न दुई देशबीचमा निर्णय हुनु भनेको नेपालमाथि ठाडो हस्तक्षेप हो ।

यसमा प्रधानमन्त्री केपी शर्मा ओलीले ‘ यो अन्याय हो, हाम्रो भूभागमा कतैबाट नि हस्तक्षेप हुनुहुँदैन’ भन्ने दृढ अडान राख्नुभएको छ । तर अर्को कुनै अमुक दलको आधिकारिक व्यक्तिले भारतसँग ‘लड्न-भिड्न हुँदैन, यो राम्रो होइन, बरु झुक्नै पर्दछ’ भन्नेजस्ता राष्ट्रहित विपरीतका छेडाछेडको भाष्य प्रयोग गरेको सुनिन्छ । यो अत्यन्तै दुःखदायी कुरा हो । सरकार वा राज्यलाई सकारात्मक सुझाव दिनुको साटो गिराउने र अरु द्वन्द्व निम्त्याउने भनाइ व्यक्त गर्नँ देशका लागि घातक हुन्छ ।

जुन समयमा जुन घटना हुन्छ, त्यस बखत पनि सरकारले सरकारबाहिर रहेका दलहरु तथा विज्ञहरुसँग सम्पर्क गरी समस्याको समाधान गर्नेतर्फ लाग्नुपर्दछ । अन्य दल तथा संस्थाहरुले पनि देशको हित हुने कुरामा राम्रो सुझाव, सल्लाह सरकारलाई दिन सक्नुपर्दछ । यसरी सतापक्ष तथा प्रतिपक्ष दुवै मिलेर मुलुकको समस्या समाधान गर्ने कुरामा जोडबल भए मात्र देशमा शान्ति, स्थिरता र जनतामा सम्पन्नता प्राप्त हुन्छ । हाम्रो विचारमा विखण्डन होइन, एकता आवश्यक छ भन्ने कुराको बोध सबैमा हुनु आवश्यक छ ।

हामीले नयाँ संविधान प्राप्त गरेको १० वर्ष पूरा हुन लाग्दै छ । यसलाई अरु सयौं वर्ष टिकाउन संरक्षण, संवर्द्धन सबै दल र नागरिक समाजबाट हुन जरुरी छ । तर आफ्नै दलहरुले पद प्राप्तिका लागि खिचातानी गर्नँ न आफ्नो दलको हितमा हुन्छ, न प्रतिपक्षको हितमा नै हुन्छ । झन् देशको लागि त अरु खतरनाक हुन्छ । यस्तो विषयमा एक-आपसको छेडाछेडले बल्लतल्ल प्राप्त अधिकार तथा व्यवस्थामा नै खतरा ननिम्त्याउला भन्न सकिन्न ।

संसद्मा सरकारले पेस गरेका विधेयकहरुलाई सकारात्मक ढंगबाट सबैको हित हुने बुँदाहरु राखी यथाशीघ्र पारित गराउने कार्यमा लाग्नुपर्छ, नकि छेडाछेड गरेर मात्र समय बर्बाद गर्नँहुन्न । हाम्रोमा त अहिले एक दलले अर्को दललाई होच्याउने प्रवृत्तिमा बढोत्तरी भएको छ । यसले दलहरु, सरकार, संसद् एवं देश र जनताको पक्षमा राम्रो नतिजा प्राप्त हुन सक्दैन । हरेक तह र तप्काबाट सकारात्मक भूमिकासहितको समन्वयात्मक सहमति हुन जरुरी छ । हामीमा सद्भाव र सामाजिक व्यवहारको खाँचो छ । द्वन्द्व होइन शान्ति, स्थिरता, समन्वय, एकताबाट नै देशमा समृद्धिले पाइला चाल्ने भएकोले समृद्धि ल्याउन नेपालीलाई सुखी बनाउने अभियानमा हामी सबैले आ-आफ्नो ठाउँबाट योगदान गर्नँ अपरिहार्य भएको छ ।

संविधानमा भएका व्यवस्थालाई कार्यान्वयनको बाटोमा ल्याउने जिम्मेवारी सरकारको मात्र होइन, हामी सबैको हो । राजनीतिक दलहरु, नागरिक समाज, बौद्धिक वर्ग, निजामती कर्मचारी, संघसंस्थालगायतका सबै निकायले होस्टेमा हैँसै गरेर संविधान कार्यान्वयनमा ल्याउनु आवश्यक छ । संविधान कार्यान्वयनका कुनै बुँदा छुट भएको भए त्यसलाई समेटेर वा संविधान संशोधन गर्नँपर्ने भएको खण्डमा संशोधन गरेर भए पनि अघि बढ्नुपर्ने अवस्थामा पुग्नुपर्दछ । यसले देशको विकासमा ठूलो मद्दत गर्दछ । संसद्भित्र र बाहिर रहेका सबै दलहरुले एक-आपसमा छेडाछेड गर्नँहुँदैन । देश विकासलाई शिखरमा पुऱ्याउन लागिपर्नँबाहेक अन्य कुनै विकल्प नभएको सबैले बुझ्नुपर्दछ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# जेनजीमाथि दमनको विरोध गर्दै प्रभाकर




काठमाडौं- नेकपा माओवादी केन्द्रका उपमहासचिव एवम् पूर्वगृहमन्त्री जनार्दन शर्मा प्रभाकरले जेन-जी पुस्ताको आन्दोलनमा सरकारले दमन गरेको भन्दै निन्दा गरेका छन्।

जेन-जी पुस्ताको आन्दोलनलाई दमनका माध्यमबाट नभई उनीहरूको मागलाई गम्भीरतापूर्वक सम्बोधन गर्दै समाधानको बाटो पहिल्याउन उनले सरकारसमक्ष अपिल गरेका छन्। यसमा ढिलाइ गर्नं आत्मघाती कदम हुने चेतावनी उनले दिएका छन्। उनले सामाजिक सञ्जाल फेसबुकमा पोष्ट गर्दै उपमहासचिव शर्माले सो चेतावनी दिएका हुन्। 'आन्दोलनलाई दमन गरेर रोक्न सकिँदैन भन्ने कुरा इतिहासले धेरैपटक पुष्टि गरिसकेको छ। यस विषयमा सरकार र राजनीतिक दलहरू गम्भीर बन्नैपर्छ,' शर्माले लेखेका छन्, 'सबैले आफ्ना कमजोरीहरू स्वीकार गरी जनतासँग माफी माग्नुको विकल्प छैन।' पूर्वगृहमन्त्री शर्माले आन्दोलनकारीहरूलाई संयमित र शान्तिपूर्ण तरिकाले आन्दोलन सञ्चालन गर्न अपिल गसमेत गरेका छन्। सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्ध तत्काल फुकुवा गर्न कूटनीतिक पहलमार्फत दर्ता प्रक्रिया अगाडि बढाउन उनले माग गरेका छन्।

त्यस्तै, भ्रष्टाचारविरुद्ध कडा कदम चाँडै चाल्न र २०४६ सालयताका सम्पूर्ण सरकारी पदाधिकारीहरूको सम्पत्ति छानबिनका लागि स्वतन्त्र र शक्तिशाली आयोग गठन गर्न पनि उनले माग गरेका छन्।

# जेन-जी प्रदर्शन : घाइतेको उद्धारमा खटियो काठमाडौं महानगरको टोली

काठमाडौं- काठमाडौं महानगरपालिकाले जेन-जी प्रदर्शनका क्रममा घाइते भएकाहरूको उपचारमा सघाउने जनाएको छ।

सोमबार काठमाडौंमा प्रदर्शनमा उत्रिएका जेन-जी युवाहरूमाथि सुरक्षाकर्मीले गोली प्रहार र लाठीचार्ज गरेपछि थुप्रै प्रदर्शनकारी घाइते भएका छन्।

धेरैजसो घाइतेहरूलाई उपचारका लागि वानेश्वरस्थित सिभिल अस्पताल र महाकालस्थित ट्रमा सेन्टरमा लगिएको छ। अस्पतालमा घाइतेहरूको संख्या बढेपछि बेड अभावका कारण उपचारमा समस्या भएको ती अस्पतालले जानकारी दिएका छन्।



काठमाडौं महानगरपालिकाका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेका अनुसार नगर प्रहरीको टोलीले ती अस्पतालमा पुगेर घाइतेहरूको उद्धार र आवश्यक सहयोग गरिरहेको छ। मेयर बालेन शाहको निर्देशनमा नगर प्रहरी खटाइएको उनले जानकारी दिए। घाइतेहरूलाई सिभिल र ट्रमामा उपचारका लागि ठाउँ नपुगेको अवस्थामा अन्य अस्पतालमा लैजान नगर प्रहरी खटिने उनले बताए। प्रदर्शनका क्रममा प्रहरीले चलाएको गोली लागेर ६ जनाको मृत्यु भएको छ। अहिले पनि प्रदर्शनकारीले माइतीघर, बानेश्वर, तिनकुने क्षेत्रमा प्रदर्शन जारी राखेका छन्।

प्रशासनले बानेश्वर, मध्यबानेश्वर माइतीघर, शंखमुख क्षेत्रमा कर्फ्यू आदेश जारी गरेपनि जेन-जी युवाहरूले अवज्ञा गरेर प्रदर्शन जारी राखेका छन्।

# ओखरबोटको तामाखानी पुनः सञ्चालन गर्न अन्वेषण थालियो

म्याग्दी- म्याग्दीको मालिका गाउँपालिकामा बन्द अवस्थामा रहेको ओखरबोट तामाखानी पुनः सञ्चालनका लागि अन्वेषण सुरु भएको छ।

तामाखानी अन्वेषण गर्न खानी तथा भूगर्भ विभागबाट अनुमति प्राप्त एमस दोड्यी मिनरल्स प्रालिका भूगर्भविद् सम्मिलित टोलीले स्थलगत अध्ययन थालेका हुन्। मालिका गाउँपालिका-वडा नं ३ र ४ को सिमानामा ओखरबोट तामाखानी रहेको बताइएको छ।

तामाखानीको खोजतलास तथा उत्खननका लागि पहिलो चरणमा खानीमा तामाको मात्रा पहिचान र उत्खननका क्रममा हुनसक्ने वातावरणीय प्रभाव तथा त्यसको असर न्यूनीकरणका उपायका विषयमा अध्ययन थालिएको भूगर्वविद् रोनित पौडेलले जानकारी दिए। 'प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पारित भएपछि खानीमा तामाको खोज र अनुसन्धान हुनेछ', उनले भने, 'खानीको खोजतलास र सम्भाव्यता अध्ययन गरेपछि अर्को चरणमा उत्खननको प्रक्रिया अघि बढ्छ।'

ओखरबोटको खानीबाट विसं २०२८ सम्म स्थानीय प्रविधिको प्रयोग गरेर तामा निकाल्ने गरिन्थ्यो। प्रविधिको अभाव र आम्दानी भन्दाबढी राज्यलाई कर तिर्नुपर्ने अवस्था आएपछि त्यसबेला तामाखानी बन्द भएको मालिका गाउँपालिका-३ का ७२ वर्षीय विसराम पटेलले बताए।

यस तामाखानीमा दैनिक दुई सय भन्दा बढी कामदारले काम गर्नका साथै प्रत्येक दिन सात/आठ धार्नीसम्म तामा निकाल्ने गरिएको पटेलले जानकारी दिए। तामाखानीमा दुईवटा मुहान रहेका छन्। ती मुहानको लम्बाइ २५० देखि पाँच सय मिटरसम्म रहेको छ। त्यहाँ



अझैसम्म पनि तामाका धाउ देख्न सकिन्छ। दुई सय मिटरभित्रसम्म जान सकिने तामाखानीको सुरुङ छन्।

वातावरणीय प्रभाव मूल्याङ्कना लागि कम्पनीले सार्वजनिक सुनुवाइका साथै लिखित रुपमा प्रभावित क्षेत्रका बासिन्दाबाट सुझाव सङ्कलन गरिसकेको मालिका-३ का वडाध्यक्ष मोतिप्रसाद बुढाले बताए।

खानी उत्खननका लागि अध्ययन थालिएकोमा खुसी भएका प्रभावित क्षेत्र ओखरबोट र खटेनका बासिन्दाले वातावरणीय र विपद्जन्य घटना हुन नदिन सतर्कता अपनाउन तथा रोजगारीमा प्रभावितलाई प्राथमिकता दिन माग गरिएको स्थानीय दीपक पटेलले बताए। 'खानी उत्खनन भयो भने पुर्स्तौंअघिदेखि बसोबास गर्दै आएको थातथलो छोड्नुपर्ने हुन्छ', उनले भने, 'उत्खनन अघि बस्ती स्थानान्तरण र रोजगारीको अवसरमा प्रभावितलाई प्राथमिकता दिनुपर्छ।' स्थानीय खनेलहरुले रैथाने प्रविधिबाट उत्खनन गरिएको मालिका गाउँपालिका- ४ (साविक ओखरबोट-८) खटेनडाँडास्थित तामाखानी मुख्य हो। धवलागिरि गाउँपालिका-१ गुर्जा, ५ मल्कवाङ, ७ मच्छिम, रघुगङ्गा गाउँपालिका-६ ठाडाखानी, ८ चौरसहित २१ ठाउँमा तामाखानी छन्।

खानीहरु सञ्चालन हुन नसक्दा खानी उत्खननमा पोख्त स्थानीय 'खनेल'हरुको सीप पुस्तान्तरण हुनसकेको छैन। म्याग्दीमा बसोबास गर्ने अल्पसङ्ख्यक छन्त्याल जातीको परम्परागत पेसा खानी खन्ने थियो।

/fd]5fk 8fo/L

# नियमित उडान नहुँदा रामेछाप विमानस्थल यतिबेला सुनसान

रामेछाप- नियमित उडान नहुँदा रामेछाप विमानस्थल यतिबेला सुनसान छ। त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट पूर्वी क्षेत्र नजिक रहेको विमानस्थल अहिले हवाइ उडान नहुँदा सुनसान बनेको हो।

पर्यटकीय समयमा सोलुखुम्बुको लुक्ला जान रामेछापको विमानस्थलबाट उडान भर्ने गरिन्छ। त्यसबेला त्रिभुवन विमानस्थल व्यस्त हुने भएकाले विदेशी पर्यटकलाई काठमाण्डौंबाट सडकमार्ग हुँदै मन्थली पुऱ्याउने र त्यसपछि हवाइ सेवामार्फत सोलुको लुक्ला पुऱ्याउने गरिन्छ। पर्यटकीय सिजनमा मात्र विमानस्थल चल्ने भएकाले विमानस्थल वरपरका होटल तथा अन्य पसल/व्यवसाय



पनि यतिखेर सुनसान नै छन्। स्थानीयवासिन्दाहरुले अहिले पुष्पलाल मार्ग र बिपी राजमार्गको धेरै ठाउँका सडक जोखिमयुक्त रहेको, चाडपर्व भित्रिएको अवस्थामा जिल्लामा हवाई सेवालाई निरन्तरता दिनुपर्ने बताउछन्।

मन्थली नगरपालिकाका मेयर लव श्रेष्ठका अनुसार रामेछाप विमानस्थलमा नियमित उडानका लागि पहल गरेको तर सम्बन्धित जिम्मेवार निकायले चासो नदिएको बताउनभयो।

# भव्य समारोहका बिच रामेछाप नगरपालिका बालमैत्री घोषणा



रामेछाप- रामेछापको रामेछाप नगरपालिका शनिबार एक भव्य समारोहका बिच बालमैत्री स्थानीय सुशासनयुक्त पालिका घोषणा भएको छ। बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले नगरपालिकालाई जिल्लाकै दोस्रो र देशभरको २८ औं बालमैत्री स्थानीय सुशासनयुक्त पालिका घोषणा गर्नभयो। कार्यक्रममा बोल्नु हुँदै मख्य मन्त्री बानियाँले बालमैत्री पालिका घोषणा ठुलो उपलब्धि हो भन्दै यसको दिगोपनामा सबै पक्ष जुट्नुपर्ने बताउनुभयो। प्रदेश सरकारले पनि यसको दिगोपनामा सहयोग गर्ने उहाँको भनाइ छ।

घोषणा सभामा नगर प्रमुख लवश्री न्यौपानेले नगरपालिकाले सञ्चालन गरेका कार्यक्रम र उपलब्धि समेटिएको प्रतिवेदन सार्वजनिक गर्नभयो। करिब चार वर्षको प्रयासपछि नगरपालिका बालविवाहमुक्त, बालश्रममुक्त र बालमैत्री बालमैत्री स्थानीय सुशासनयुक्त नगर बन्न सफल भएको उहाँको भनाइ छ। रामेछाप नगरपालिकामा १८ वर्षमुनिका १० हजार २४१ बालबालिका रहेको उहाँले बाताउनुभयो।

नगरपालिकाका ९ वटै वडा जेठ २७ गते बालमैत्री स्थानीय सुशासनयुक्त घोषणा भइसकेका थिए। घोषणा सभामा पूर्व ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम), बागमती प्रदेशका सामाजिक विकास मन्त्री कन्चनचन्द्र बादे र प्रदेश सांसद तारानारायण श्रेष्ठले बालमैत्री पालिका घोषणा ठुलो उपलब्धि भएको उल्लेख गर्दै यसको दिगोपनामा सबै पक्ष जुटुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा बालबालिकाले सचेतनामूलक नाटक र सांस्कृतिक प्रस्तुति समेत प्रस्तुत गरेका थिए। नगर घोषणा भएसँगै बालबालिकामैत्री नीति, योजना तथा संरचनाहरू थप प्रभावकारी रूपमा कार्यान्वयन गरिने अपेक्षा गरिएको छ।

# सन् २०३० भित्र कुष्ठरोग नियन्त्रणको लक्ष्य प्राप्त गरिने

ललितपुर- इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.चन्द्रभाल झाले तीनै तहको सरकारको समन्वयमा सन् २०३० भित्र कुष्ठरोग नियन्त्रणको लक्ष्य प्राप्ति हुने बताएका छन्।

ललितपुरमा आयोजित एक कार्यक्रममा निर्देशक झाले दिगो विकास लक्ष्यअनुसार नेपालले विश्व समुदायसामु गरेको प्रतिबद्धताअनुसार कुष्ठरोग उन्मूलन गर्न सफल हुने जिकिर गरे। 'कुष्ठरोग प्रभावित क्षेत्रमा दक्ष जनशक्ति थोरै छ, थप तालिम दिएर खोज र निगरानी प्रणालीलाई जोड दिएका छौं, प्रत्येक स्थानीय तहभित्रका स्वास्थ्य संस्था र अस्पतालमा कुष्ठ प्रभावितलाई निःशुल्क उपचार सेवा दिने नीति छ' उनले भने। कार्यक्रममा द लेप्रेसी मिसन इन्टरनेसनलका अन्तरराष्ट्रिय निर्देशक बेन्ट मर्गनले कुष्ठरोग नियन्त्रण एवं उन्मूलनका लागि नेपालले गरेका कार्यहरू विश्वस्तरमै उदाहरणीय रहेको बताए। नेपाल अपांग महासंघ नेपालका पूर्वअध्यक्ष मित्रलाल शर्माले समाजलाई बदल्न र स्वास्थ्य क्षेत्रमा प्रभावकारी काम गर्न गैरसरकारी संस्थाहरूले उत्कृष्ट काम गरेको उल्लेख गरे। आइडिया नेपालका अध्यक्ष दिनेश बस्नेतले द लेप्रेसी मिसन नेपालले कुष्ठरोगको उपचारमा अन्य अस्पतालको तुलनामा उत्कृष्ट सेवा प्रदान गरेको भन्दै प्रशंसा गरे। सो संस्थाका अध्यक्ष अशोक अधिकारीले कुष्ठरोगीहरुको दर्दनाक कथा सुनाउँदै बिरामीलाई गरिने राम्रो व्यवहारले उपचार सेवालाई प्रभावकारी बनाउन सम्भव भएको बताए। सात दशक अगाडि सन् १९५७ बाट सुरु भएको कुष्ठरोग नियन्त्रण अभियानले रोग उन्मूलनका लागि आशा, रोगबाट पीडितहरूका लागि सम्मानसमेत जगाएको छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ७,
२०८२ साल भदौ २४ गते मंगलबार
9 SEPTEMBER 2025, TUESDAY

# सरकारको प्राथमिकता क्षेत्र कृषिमै खुम्चियो बैंकको लगानी

काठमाडौं- बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा जाने कर्जा लगानी खुम्चिएको छ । सरकारले बजेटमार्फत कृषि दशक घोषणा गरी प्रोत्साहन गरेको कृषि क्षेत्रमा लगानी भने खुम्चिएको हो ।

गत आर्थिक वर्ष २०८१/८२ मा बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा जाने लगानी ०.२ प्रतिशतले खुम्चिएको छ । बैंक तथा वित्तीय संस्थाले निजी क्षेत्रमा जाने कर्जा ८.२ प्रतिशतले बढाउँदा कृषि क्षेत्रको लगानी भने घटेको हो ।

आर्थिक वर्ष २०८०/८१ सम्म बैंक तथा वित्तीय संस्थाले कृषि क्षेत्रमा कुल ४ खर्ब १८ अर्ब ५९ करोड रुपैयाँ कर्जा प्रवाह गरेकामा २०८२ असार मसान्तमा आइपुग्दा त्यस्तो रकम ४ खर्ब १७ अर्ब ८८ करोडमा सीमित भएको छ ।

राष्ट्र बैंकले प्राथमितामा राखेर लगानी गर्न भने पनि कृषि क्षेत्रमा कर्जाको माग नै नरहेकाले गत वर्ष खुम्चिन पुगेको बैंकरहरु बताउँछन् ।

'पछिल्लो २/३ वर्षयता कर्जाको माग सुस्त छ । त्यसमाथि पनि कृषि र एसएमई क्षेत्रमा कर्जाको माग नै छैन,' एक बैंकका सीइओले भने, 'सरकारले सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान रोक्यो । जसले गर्दा कर्जा लगानी बढ्न सकेन । बरु केही घट्न पुग्यो ।'

नेपाल राष्ट्र बैंकले लगानीको सीमा नै तोकेर बैंक तथा वित्तीय संस्थालाई कृषि क्षेत्रमा कर्जा प्रवाह



गर्न यसअघि नै निर्देशन दिएको छ । जस अनुसार २०८५ असार मसान्तसम्म वाणिज्य बैंकले कृषि क्षेत्रमा कूल कर्जाको १५ प्रतिशत लगानी गर्नुपर्नेछ ।

२०८२ असार मसान्त बैंकहरुले कृषि क्षेत्रमा १२ प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था रहेकामा गभर्नर डा. विश्व पौडेलले ११ प्रतिशतमा झारेर सजिलो बनाइदिएका थिए । गभर्नर पौडेलको निर्णयले आधा दर्जन वाणिज्य बैंकलाई राहत पुगेको छ । व्यवसायिकरुपमा कृषि एकदमै सानो स्केलमा रहेका कारण कर्जाको माग बढ्न नसकेको बैंकरहरुको बुझाइ छ ।

'व्यावसायिक कृषिको हिस्सा एकदम न्यून छ । अधिकांशले जीविकापार्जनका लागि खेतीपाती गर्छन्,' अर्का बैंकका सीइओले भने, 'अब माग नै नभएको अवस्थामा हामीले के आधारमा कर्जा लगानी बढाउने? राष्ट्र बैंकले यसपालि सीमा घटाइदिएकाले हामीलाई केही सहज भयो ।'

नेपालमा कृषिको सम्भावना भए पनि किसानले आफ्ना उपजले उचित मूल्य पाउन नसकेको बताउँदै आएका छन् । जस्तो कि गत फागुनमा किसानले काउलीको मूल्य प्रति किलो ५ रुपैयाँ पनि पाउन सकेका थिएनन् । व्यापारीले प्रति किलो ३ रुपैयाँभन्दा दिन नमानेपछि किसानले बारीमै नष्ट गरेका थिए ।

उखुमा सरकारले नै दिने भनेको अनुदान रकम किसानले पाउन सकेका छैनन् । दूधको रकम भुक्तानी नपाएका कारण किसानले आन्दोलन गर्दा पनि सरकारले दिलाउन सकेको छैन ।

यस्तै समयमा रासायनिक मल नपाउने समस्याले पनि किसान आजित छन् । सम्भावना भए पनि आम्दानीभन्दा लागत धेरै भएकाले किसानहरु खेतीतर्फ निरुत्साहित भइरहेका छन् ।

'कृषि गर्न कोही पनि इच्छुक छैनन् । उत्पादन गर्‍यो बजारको टुंगो छैन । बाहिरबाट आयात हुने वस्तुसँग किसानले प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन । किसान नै खेतीतर्फ निरुत्साहित भएपछि हामीले कर्जा बढाउन सक्ने कुरा हुँदैन,' ती सीइओले भने, 'राष्ट्र बैंकको कारबाहीबाट जोगिनका लागि अन्य प्रयोजनको पनि कर्जा कृषिमा देखाउनु पर्ने बाध्यता छ ।'

नेपाल बैंकर्स संघका कार्यकारी निर्देशक अनिल शर्मा कृषि तथा एसएमई क्षेत्रमा राष्ट्र बैंकको तोकेको सीमा कायम गर्न सक्ने अवस्था नरहेको बताउँछन् ।

'कृषि तथा एसएमई क्षेत्रमा कर्जा बढाउन सकिने अवस्था छैन,' उनले भने, 'राष्ट्र बैंकले पनि यो कुरा बुझेको छ । त्यही भएर कृषि कर्जाको सीमा राष्ट्र बैंकले केही खुकुलो गरिदिंदा बैंकहरुलाई राहत पुग्यो ।'

गत जेठमा राष्ट्र बैंकका गभर्नर डा. विश्व पौडेलले कृषि कर्जाको सीमा घटाइ र यस क्षेत्रमा जाने कर्जा पुनर्संरचनाको सुविधा दिएका थिए ।

राष्ट्र बैंकका अधिकारी पनि कृषि क्षेत्रमा कर्जा बढाउन सहज देख्दैनन् । उनीहरुले यसअघि कृषि क्षेत्रमा प्रवाह भएको कर्जा सबैभन्दा धेरै बिग्रिएको देखेका छन् । त्यही कारण राष्ट्र बैंक प्राथमिकताका क्षेत्रमा जाने कर्जाको सीमा सम्बन्धी व्यवस्था परिमार्जन गर्नुपर्ने निष्कर्षमा पुगेको छ ।

'कृषि कर्जाको औसत एनपीएल दोहोरो अंक नजिक छ,' राष्ट्र बैंकका एक अधिकारीले भने, 'कृषि क्षेत्रमा धेरै नै समस्या छ भन्ने प्रष्ट हुन्छ । त्यसकारण हामीले केही सहुलियत दिएका हौं । त्यति मात्र होइन, प्राथमिकताका क्षेत्रमा जाने कर्जा सम्बन्धी व्यवस्था परिमार्जन गर्न लागेका छौं ।'

# आयकरको सीमा घटाउन लबिइङमा लघुवित्त

काठमाडौं- आयकरको सीमा घटाउनु पर्ने भन्दै लघुवित्त संस्थाहरुले लबिइङ थालेका छन् ।

ग्रामिण क्षेत्रमा काम गर्ने संस्थालाई बैंक तथा वित्तीय संस्था बराबर नै आयकरको सीमा व्यवहारिक नभएको भन्दै लघुवित्तहरुले घटाउनका लागि दौडधुप बढाएका हुन् ।

ग्रामिण क्षेत्रमा बिना धितो काम गर्ने संस्थालाई बैंक तथा वित्तीय संस्थासरह आयकरको सीमा तोक्न नहुने लघुवित्तहरुको भनाइ छ । उनीहरुले आफूहरुले गरिब, विपन्न तथा बैकिङ पहुँचबाट टाढा रहेको समुदायलाई वित्तीय सेवा दिइरहेकाले आयकरको सीमा कम हुनुपर्ने बताएका छन् ।

अहिले बैंक तथा वित्तीय संस्था र लघुवित्तले नाफाको ३० प्रतिशत आयकर तिर्नुपर्ने व्यवस्था छ । तर, सहकारी संस्थालाई आयकरको सीमा २० प्रतिशतसम्म छ ।

लघुवित्त बैंकर्स संघका अध्यक्ष तथा नेसनल लघुवित्तका सीइओ रामबहादुर यादवले आफूहरुले आयकरको सीमा घटाउन आवाज उठाइरहेको बताए । उनका अनुसार आयकरको सीमा घटाउनका लागि अर्थ मन्त्रालयलाई आग्रह गरिएको छ । 'हामी ग्रामिण क्षेत्रमा गएर काम गर्ने संस्थाले ३० प्रतिशत आयकर तिर्नुपर्छ । यो धेरै भयो । हामीमाथि अन्याय भयो,' उनले भने, 'हामीले व्यवसाय मात्रै गरेका छैनौं, गरिबी न्यूनीकरण, आर्थिक समावेशीकरण, महिला सशक्तिकरण र समुदायको सशक्तीकरणमा योगदान पुर्‍याएका छौं । त्यसमाथि हामी धितोविना लगानी गर्छौं । त्यसकारण हामीलाई आयकरको सीमा घटाउनु पर्छ भनेर अर्थ मन्त्रालयसँग कुरा गरिरहेका छौं ।'

ग्रामिण क्षेत्रमा धितोविना लगानी गर्दै आएका कारण आफूहरुलाई बैंकसरह तोकिएको आयकरको सीमा अन्यायपूर्ण भएकाले त्यसलाई घटाउनुपर्ने लघुवित्तहरुको माग छ ।

'ग्रामिण क्षेत्रमा काम गर्ने संस्था भनेर सहकारी संस्थाले आयकर २० प्रतिशतभन्दा तिर्नुपर्दैन । हामी पनि ग्रामिण क्षेत्रमा काम गर्ने संस्था हौं । अनि किन बैंक तथा वित्तीय संस्था सरह आयकर तिर्नुपर्ने व्यवस्था छ? हामीलाई कर धेरै भयो । सरकारले घटाउनुपर्छ,' यादवले भने ।

लघुवित्त संस्थाले निम्न आय भएका व्यक्तिलाई सानो रकममा कर्जा दिंदै आएका छन् । उनीहरुले




विपन्नका साथै बैकिङ पहुँचबाट टाढा रहेका समुदायलाई वित्तीय सेवा उपलब्ध गराइरहेका छन् ।

लघुवित्त संस्था ग्रामिण सामूहिक मोडलमा संचालनमा छन् । उनीहरुले ग्राहकलाई समूहमा संगठित गरी सामूहिक ग्यारेन्टीमा ऋण दिने गर्छन् । गरिबी न्यूनीकरणका साथै आर्थिक समावेशीकरण र महिला सशक्तिकरणमा पनि उनीहरुको योगदान छ ।

लघुवित्त संस्थाले २०८२ असार मसान्तसम्म ४ खर्ब ८९ अर्ब रुपैयाँ ऋण लगानी गरेका छन् । त्यसमध्ये ६६ प्रतिशत धितोविना लगानी गरिएको हो ।

अर्थ मन्त्रालयले लघुवित्तहरुको मागबारे छलफल नभएको बताएको छ । लघुवित्तको आयकरको सिमा घटाउनुपर्छ भन्ने विषयमा आएपनि त्यसमा कुनै छलफल नभएको अर्थ मन्त्रालयका एक अधिकारीले बताए ।

'आयकर घटाउनु पर्ने भन्दै लघुवित्तकर्मीले कुरा राख्नु भएको छ । तर, यस विषयमा मन्त्रालयले छलफल चलाएको छैन,' अर्थ मन्त्रालयका एक कर्मचारीले भने ।

विपन्न समुदायलाई वित्तीय पहुँच पुर्‍याएको भन्दै मन्त्रालय लघुवित्तहरुको मागमा सकारात्मक देखिएको छ । 'लघुवित्तलाई आयकरको सीमा घटाएर त्यसबापतको रकम ग्राहक सुरक्षण कोषमा लगानी गर्न दिन सकिन्छ,' ती कर्मचारीले भने, 'त्यसले उनीहरुलाई केही राहत हुन्छ । साथै ग्राहक सुरक्षण कोषको रकम ग्राहकहरुका लागि खर्च गर्ने बाटो हुन्छ । यस विषयमा हामीले छलफल चलाउन भने बाँकी छ ।'

पूर्वसचिव लालशंकर घिमिरे भने लघुवित्तलाई आयकरको सीमा घटाउन नहुने बताउँछन् । वित्तीय कारोबार गर्ने सबै संस्थालाई आयकर एउटै हुनुपर्ने उनको भनाइ छ ।

'पैसाको कारोबार गर्ने संस्था, जसले ऋण लगानी गरेर आम्दानी गर्छन् उनीहरुले सरकारलाई कर तिर्नुपर्छ,' उनले भने, 'ग्रामिण र सहरी क्षेत्र भनेर पैसाको कारोबार गर्ने संस्थाले तिर्ने आयकर कम र बढी भन्ने हुँदैन ।'

# कर्पोरेट बैंकिङ सोलुशनमा डिजिटल क्रान्ति

काठमाडौं- ग्लोबल आइएमई बैंकले कर्पोरेट ग्राहकहरुलाई लक्षित गरी डिजिटल प्लेटफर्म 'बिजनेक्स' संचालनमा ल्याएको छ । यो नयाँ प्लेटफर्मले कर्पोरेट, साना र मध्यम उद्यम (एसएमई), मिड कर्पोरेटदेखि ठूला कम्पनीसम्मलाई लक्षित गरेको छ ।

बैंकका अनुसार कर्पोरेट ग्राहकको आवश्यकतालाई एकै स्थानबाट सहज, छिटो र सुरक्षित ढंगले पूरा गर्ने उद्देश्य 'बिजनेक्स' संचालनमा ल्याइएको हो ।

ग्लोबल आइएमई बैंकले विकास गरेको 'बिजनेक्स' कर्पोरेट ग्राहकका लागि इन्टरनेट बैकिङ फिचर हो । कर्पोरेट ग्राहकले फन्ड ट्रान्सफर, पेमेन्ट प्रोसेसिङ, तलब भुक्तानी, एलसी व्यवस्थापन र कर्जा लिने र ट्र्याकिङ लगायत बैकिङ कार्यहरू अब यसै प्लेटफर्मबाट गर्न सक्नेछन् ।

'बिजनेक्स'ले कर्पोरेट ग्राहकका लागि प्रभावकारी रुपमा बैंकिङ सेवाहरू पाउन सकिने सुरक्षित प्लेटफर्मको रुपमा काम गर्ने बैंकले जनाएको छ ।

यो प्लेटफर्ममा बैकिङ कारोबारका लागि कम्पनीले आफ्ना कर्मचारीहरुको तह छुट्याएर उनीहरुको प्रोफाइल बनाउन सकिने व्यवस्था गरिएको छ । कम्पनीले कर्मचारीलाई तह तोकेर त्यही अनुसारको रकम कारोबार गर्न 'एक्सेस' दिन सक्नेछ ।

यसबाट भुक्तानीलाई पनि सहजीकरण गर्ने प्रयास भएको छ । मिड कर्पोरेट अथवा ठूलो तथा एसएमइहरुले आफ्नो भेन्डरहरुलाई अब इन्टरनेट बैकिङबाटै सहजै फन्ड ट्रान्सफर गर्न सक्नेछन् ।

ग्लोबल बैंकबाट ग्लोबल बैंककै खाता वा अन्य बैंक तथा वित्तीय संस्थाहरुलाई पेमेन्ट गर्दा समेत सजिलो हुनेछ । कर्मचारीको तलब भुक्तानी गर्न पनि यो प्लेटफर्मबाट सरल हुनेछ । अब त्यसका लागि चेक प्रयोग गर्नुपर्ने छैन ।

ग्लोबल ग्लोबल टु ग्लोबल त भुक्तानीमा समस्या भएन । साथै, बैंक तथा वित्तीय संस्थाहरुलाई पेमेन्ट गर्दा समेत कुनै झन्झट हुँदैन् ।कर्मचारीको तलब भुक्तानी देखि अन्य पेमेन्ट गर्न सकिन्छ ।

सरकारी भुक्तानी पनि सहजै यही प्लेटफर्मबाट गर्न सकिनेछ । साधारण बैंकिङ एपमा पाइने फिचरहरु यही प्लेटफर्ममा प्रयोग गर्न सकिनेछ ।

इमेलमा र मोबाइलमा ओटीपी जान्छ । ट्रान्जक्सनको वर्क पनि एकदम सिक्युर बनाएको छ । अहिलेलाई यो प्लेटफर्म वेब एप्लिकसनमा मात्र उपलब्ध छ । पछि यसको दायरा विस्तार गर्ने बैंकले जनाएको छ ।

एलसी मार्फत आयात कारोबार गर्ने व्यवसायीका लागि अब एक्सचेन्ज रेट, फरवार्ड कन्ट्र्याक्ट, र भुक्तानी ट्र्याकिङ सबै बिजनेक्स प्लेटफर्ममै उपलब्ध हुनेछ ।

बैंकले यो प्लेटफर्मबाट कर्पोरेट ग्राहकको कर्जासँगै खाता व्यवस्थापन र अन्य सबै बैकिङ आवश्यकता पूरा गर्ने लक्ष्य लिएको छ । निकट भविष्यमा सुक्ष्म उद्यमीहरूका लागि छुट्टै मोबाइल एप विकास गर्ने योजना समेत छ ।

बैंकले पछिल्लो समय डिजिटल फर्स्ट फाइनान्सियल संस्था बन्ने रणनीति लिएको छ । त्यसैअनुसार बैंकले मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ र अन्य डिजिटल प्रविधिलाई एकीकृत गर्न प्राथमिकता दिएको छ । यो प्लेटफर्म त्यसैको उदाहरण भएको बैंकले जनाएको छ ।

यो नयाँ प्लेटफर्मले भने दायरा बढाउँदै कर्पोरेट ग्राहकतर्फ आफ्नो ध्यान केन्द्रित गर्ने लक्ष्य लिएको छ ।

# नेपाल मेडिकल एसोसिएसनका सदस्यले नेपाल इन्भेष्टमेण्ट मेगा बैंकबाट पाउनेछन् सेवाहरुमा छुट

काठमाडौं- नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड र नेपाल मेडिकल एसोसिएसन बीच व्यावसायिक सम्झौता भएको छ ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड र नेपाल मेडिकल एसोसिएसनबीच विस्तारित बैंकिङ सेवा प्रदान गर्ने उद्देश्य राखी सो सम्झौता भएको हो ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत ज्योति प्रकाश पाण्डे र मेडिकल एसोसिएसन तर्फ अध्यक्ष डा. अनिल विक्रम कार्कीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।

सम्झौता मार्फत एसोसिएसनका सम्पूर्ण सदस्यहरुलाई विभिन्न सेवाहरुमा विशेष छुट प्रदान गरिनेछ । एसोसिएसनका सदस्यहरुलाई लक्षित गरि बैंकको २७५ वटा शाखाहरु मार्फत प्रोफेशनल बचत खाता खोलि १० लाखको दुर्घटना बिमा सुविधा दिइनेछ ।

यस्तै, अन्य व्यावसायिक कर्जा, साना तथा मझौला कर्जा, क्लिन सोसल कर्जा, व्यक्तिगत कर्जा, सवारी तथा घर कर्जा र डेबिट/क्रेडिट कार्ड, मोबाइल बैकिङमा विशेष छुटको व्यवस्था रहेको जानकारी बैंकका प्रमुख कार्यकारी अधिकृतले जानकारी दिए ।

यो सम्झौताबाट नेपाल मेडिकल एसोसिएसनका सदस्यहरुले प्रत्यक्ष रुपमा लाभान्वित हुने बैंकको विश्वास छ ।

# एससीटीले सुरु गर्‍यो ३डीएस एक्सेस कन्ट्रोल सर्भर सेवा

काठमाडौं- नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली सञ्चालकको अनुमतिपत्रप्राप्त संस्था स्मार्ट च्वाईस टेक्नोलोजिज लिमिटेड (एससीटी) ले ३डीएस एक्सेस कन्ट्रोल सर्भर (एसीएस) सेवा सुरुवात गरेको छ ।

एसीएस विश्वव्यापी थ्रीडी सेक्युर प्रोटोकलको महत्वपूर्ण अंग हो । यसले कार्डबाहकहरुलाई अनलाइन कारोबार गर्दा आफ्नो प्रमाणीकरण प्रक्रियालाई सहज बनाउँछ र ठगीविरुद्ध उच्च स्तरको सुरक्षा सुनिश्चित गर्ने जनाइएको छ ।

ग्लोबल आइएमई बैंक नेपालमा एससीटीको ३डीएस एसीएस सेवामा आवद्ध हुने पहिलो बैंक हो । त्यससँगै, एनएमबी बैंकमा पनि यो सेवा संचालन भइसकेकोफ छ । यी सहकार्यहरुमार्फत ग्लोबल आइएमई बैंक र एनएमबी बैंकका कार्डबाहकहरूले अब अनलाइन कारोबार गर्दा अझ सुरक्षित र सहज प्रमाणीकरण सुविधा पाउने जनाइएको छ ।

एससीटीले सुरु गरेको एसीएस सेवा नेपालमा डिजिटल भुक्तानी क्षेत्रमा नयाँ प्रगतिका रुपमा स्थापित भएको कम्पनीको विश्वास छ । यसले अनलाइन कारोबार गर्दा रियल-टाइम प्रमाणीकरण र ठगी रोकथाममा सहयोग प्रदान गर्ने भएकाले अनलाइन किनमेल, टिकटिङ, र अन्य भुक्तानी अनुभवलाई अझ सुरक्षित र विश्वासिलो बनाउने जनाइएको छ ।

यसले ग्राहकको डिजिटल च्यानलमा विश्वास बढाउनुका साथै नेपाललाई अन्तर्राष्ट्रिय भुक्तानी सेवा प्रदायक संस्थाहरूको सुरक्षाका मापदण्डसँग नजिक ल्याउँदै नगदविहीन अर्थतन्त्रतर्फको यात्रालाई पनि टेवा पुर्‍याउने विश्वास कम्पनीको छ ।

वर्ष -१८, अंक- ७,
२०८२ साल भदौ २४ गते मंगलबार
9 SEPTEMBER 2025, TUESDAY

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# खेलकुद

## ललितपुर क्विन्सले टाइगर कप खेल्ने



काठमाडौं – एभरेस्ट महिला भलिबल लिगको फ्रेन्चाइज टोली ललितपुर क्विन्सले पोखरामा हुने टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भलिबल प्रतियोगितामा सहभागिता जनाउने भएको छ । टाइगर ग्रुपको आयोजनामा टाइगर कपको छैटौं संस्करण माघ ९ देखि १७ सम्म आयोजना हुने तालिका छ ।

रुप्से स्पोर्ट्स म्यानेजमेन्टको स्वामित्वमा रहेको ललितपुर क्विन्सले गत वर्षदेखि एभरेस्ट महिला भलिबल लिगमा प्रतिस्पर्धा गर्न सुरु गरेको हो । पहिलो संस्करणमा टोली फाइनलमा कर्णालीसँग पराजित भएको थियो । सलिना श्रेष्ठ मार्की खेलाडी रहेको ललितपुरले पोखरामा भइरहेको लिगमा पहिलो दुवै खेल जितेको छ ।

नेपालमा भलिबललाई स्थापित र व्यावसायिक बनाउन देश र विदेशका अन्य प्रतियोगितामा पनि सहभागिता जनाउने ललितपुरले जनाएको छ ।

## मुकेश विश्व च्याम्पियनसिपमा दौड्ने



काठमाडौं – जापानको टोकियोमा हुने २० औं विश्व एथलेटिक्स च्याम्पियनसिपमा मुकेश पालले प्रतिस्पर्धा गर्ने भएका छन् । सेप्टेम्बर १३ देखि २१ सम्म हुने प्रतियोगितामा मुकेशले १५ सय मिटर दौडमा भाग लिने छन् ।

यस स्पर्धामा मुकेशको नाममा ३ मिनेट ४९ सेकेन्डको राष्ट्रिय कीर्तिमान रहेको छ । उनीसँगै नेपाल एथलेटिक्स संघका सचिव आरके विष्ट अफिसियलका रूपमा जापान जाने छन् ।

सेप्टेम्बर १० देखि १३ सम्म जापानमै हुने विश्व कंग्रेसमा एथलेटिक्स संघका अध्यक्ष राजीवविक्रम शाहले सहभागिता जनाउने छन् । ३ सदस्यीय टोली मंगलबार जापान जाने कार्यक्रम छ ।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष ध्रुव आचार्य र राखेप सदस्य सुवर्ण श्रेष्ठले सोमबार बिदाइ गरे ।

## एमाले निर्वाचन आयोगको अध्यक्षमा विजय सुब्बा नै

काठमाडौं- नेकपा एमालेको निर्वाचन आयोगको अध्यक्षमा विजय सुब्बा नै दोहोरिएका छन् ।

यसअघि पनि निर्वाचन आयोगको अध्यक्षमा उनै सुब्बा थिए । यस्तै आयोगको उपाध्यक्ष सानुराजा पोखरेल, सचिव कुन्साङ लामा दोहोरिएका हुन् । तीन दिन चलेको एमालेको विधान महाधिवेशनले निर्वाचन आयोगमा सुब्बालाई दोहोऱ्याउने निर्णय गरेको हो ।

यसैगरी निर्वाचन आयोगका सदस्यहरूमा समिर नेपाल, टंकप्रसाद उप्रेती, चन्द्रलाल मगर, कृष्णकुमार आङदाम्बे, काशीचन्द्र बराल, हरिप्रसाद भण्डारी, सूर्यबहादुर शाही, भूराज राई, भरतकुमार पोखरेल, हिराचन्द्र केसी, लोकबहादुर थापा रहेका छन् ।

यसैगरी केशवराज आचार्य, अमन तामाङ, झबिलाल पोखरेल, नर्बदा भण्डारी, बिमला विश्वकर्मा, अर्चना गहतराज, सर्मिला गुरुङ, नारायणी शर्मा, रचनाराज उपाध्याय, हिमकला गैरे र बिनादेवी साह सदस्य रहेका छन् ।

## पति बीमाको सीइओ

काठमाडौं- हिमालयन लाइफ इन्स्योरेन्सको प्रमुख कार्यकारी अधिकृत हुन्- मनोजकुमार लाल कर्ण । यो कम्पनीको सञ्चालक समिति अध्यक्षमा सुलभकुमार अग्रवाल छन् । यसको प्रवर्धकमा विवादास्पद व्यवसायी दीपक भट्टकी पत्नी आयुष्मा नेपाल पनि छन् ।

हिमालयन लाइफलगायत कम्पनीहरुमा दीपक भट्ट र सुलभ अग्रवालले नेतृत्व गरिरहेका २५ व्यावसायिक घरानाको प्रिपेड समूहले लगानी गरेको छ । अहिले यो कम्पनी प्रयोग गरेर सरकारको प्रमुख लगानीको नेपाल रि इन्स्योरेन्स कम्पनीको सेयर मूल्य प्रभावित गरेर कब्जा गर्ने षड् यन्त्र भइरहेको छ । हिमालयन लाइफले नेपाल रि इन्स्योरेन्सको ३७ लाख कित्ता सेयर उठाइसकेको छ । यो सेयरको मुख्य कारोबार चार महिनायता भृकुटी स्टक ब्रोकरिङ प्रालि अर्थात ५५ नम्बर ब्रोकरबाट भइरहेको छ ।

अहिले नेपाल रि इन्स्योरेन्सको सेयर 'एकुमुलेट' गर्ने काम कर्णकी पत्नीको लगानी रहेको भृकुटीले गरिरहेको छ । यो ब्रोकर कम्पनीले समेत नेपाल रि इन्स्योरेन्सको ४० हजार कित्तामाथि सेयर होल्ड गरेको छ ।




यो कम्पनी 'होल्ड' गर्छिन्- मनोजकुमार लाल कर्णकी पत्नी सुधा कर्णले । १० करोड रुपैयाँ चुक्ता पुँजी भएको कम्पनीको प्रमुख सेयरधनी सुधा हुन् । उनीसँग ब्रोकर कम्पनीको २५ प्रतिशत सेयर छ ।

कुल ११ जना सेयरधनीमध्ये सुधा र राजिव ठाकुरले कम्पनीको ५० प्रतिशत सेयर 'होल्ड' गर्छन् ।

'ट्र्याक'मा आएर ठिकठाक चल्न थालिसकेको प्राइम लाइफसँग गुराँस र युनियन लाइफ इन्स्योरेन्सलाई बराबरी हैसियतमा मिलाएर बनेको हिमालयन लाइफ इन्स्योरेन्सको प्रमुख कार्यकारी अधिकृत बन्न मनोज सफल भएका थिए ।

मर्जरपछि सुलभ अग्रवालले कम्पनी कब्जा जस्तै गरेका छन्, अरु कम्पनीबाट आएका प्रमुख लगानीकर्तासँग उनले सामान्य छलफल पनि गर्दैनन् । दीपक भट्टलाई हिमालयन रिबाट ५२ करोड दिलाएकी उपासना पौडेल साहिलको कम्पनीमा सञ्चालक यही कारण आफ्नो संस्था अर्कैले कब्जा गरेकामा सुलभसँग यही समूहका कतिपय लगानीकर्ता रुष्ट छन् । तर, दीपक भट्टको आडमा भविष्यको लाभ देखाइएका कारण उनीहरु 'अन्याय' सहेर बस्न बाध्य भएको अनौपचारिक गफगाफमा सुनाउँछन् ।

यो समूहले अर्को स्टक एक्सचेञ्ज, थप बीमा कम्पनीका साथै कमोडिटिज एक्सचेञ्जको लाइसेन्स ल्याउने लोभ देखाइरहेको छ । हिमालयन रि इन्स्योरेन्सको लाइसेन्स ल्याएर सेयर मूल्य माथि पुऱ्याएका कारण यो समूहसँग व्यापारिक घरानाहरु जोडिएका थिए । नेपाल रिको सेयर मूल्यबाट कम्पनी नियन्त्रण गर्न यो समूहले साधारणतर्फको २८ प्रतिशतभन्दा बढी सेयर होल्ड गरिसकेको छ ।

उनीहरुको पैसाले मात्र नपुग्ने भएपछि हिमालयन लाइफ इन्स्योरेन्सको सहायक कम्पनी हिमालयन इन्भेष्टर बैंकरबाट ४ अर्ब रुपैयाँको इकाई जारी गरी सर्वसाधारणबाट रकम उठाइ सकिएको छ ।

## कर्णालीका आयोजना अगाडि बढाइने



काठमाडौं- ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजनासँगै कर्णाली प्रदेशका अन्य आयोजना अगाडि बढाउन सरकार लागिपरेको बताएका छन् ।

फुकोट कर्णाली जलविद्युत् आयोजनाको कामलाई चाँडो अगाडि बढाउनुपर्ने मागसहित मन्त्रालयमा आएको कालीकोटको सर्वदलीय बैठकमा उनले कर्णाली प्रदेशको समृद्धिका लागि मन्त्रालयले फुकोट कर्णालीसँगै अन्य जलविद्युत् आयोजनाको कामलाई अगाडि बढाउन खोजेको बताए । उनले आयोजना निर्माणका लागि सम्झौता भएको भारतीय कम्पनी एनएचपिसी लिमिटेडसँगको सहकार्यमा आयोजनाको कामलाई अगाडि बढाउन विद्युत् उत्पादन कम्पनीलाई निर्देशनसमेत दिए । 'देशभरका आयोजनालाई सरकार एक्लैले लगानी गर्न सक्दैन भनेर कम्पनी खोलेका हौँ, भियुसिएलले भारतको भरपर्दो कम्पनी एनएचपिसीसँग सहकार्य गरेर फुकोट कर्णालीलाई अगाडि बढाउन खोजेको छ, 'टाइमलाइन' अनुसार काम गर्न कम्पनीलाई परिपत्र गर्नुस्,' उनले भने ।

मन्त्री खड्काले मुलुकलाई नोक्सानी नहुने र लगानीकर्तालाई लगानीको सुरक्षा हुने वातावरण निर्माण गर्नुपर्ने उल्लेख गरे । ऊर्जामन्त्री खड्काले गरिब र विपन्न नागरिकलाई बिनाधितो सरकारले ऋणको व्यवस्था गरेर जलविद्युत्को शेयर खरिद गर्ने वातावरण निर्माण गरेको उल्लेख गरे । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नेता एवम् कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री महेन्द्रबहादुर शाहीले सम्झौता भइसकेको आयोजनालाई चाँडो कार्यान्वयनमा लैजानुपर्ने बताए । कांग्रेस कालीकोटका सचिव नगेन्द्रबहादुर विष्टले कर्णाली प्रदेशको समृद्धिका लागि उक्त आयोजनालाई चाँडो सम्पन्न गर्नुपर्ने बताए । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता धनबहादुर बुढाले कालीकोट र सिंगो कर्णालीको विकासका लागि उक्त आयोजनालाई चाँडो बनाउनुपर्ने बताए । ४८० मेगावाटको फुकोट कर्णाली जलविद्युत् आयोजना भारतीय कम्पनी एनएचपिसी लिमिटेडको लगानीमा निर्माण हुनेगरी सम्झौता भएको थियो ।

## धमाधम स्याउ टिप्दै उत्तरी गोरखाका किसान



गोरखा- उत्तरी गोरखामा किसानले बगैँचाबाट धमाधम स्याउ टिप्न थालेका छन् । उनीहरु स्याउ टिपेर बिक्री गर्न बजार लैजाने तयारीमा जुटेका छन् ।

चुमनुब्री गाउँपालिका-४ नाम्रुङस्थित ' इन गोरखा प्रोडक्ट प्रालि'को स्याउ फर्ममा गाला जातको स्याउ टिपिसकिएको फर्मका सञ्चालक लाक्पा ढुण्डुप लामाले जानकारी दिए। उनको बगैँचामा गाला, गोल्डेन र फुजी जातका स्याउ फलेका छन् ।

'गाला स्याउ टिपिसकियो । अब गोल्डेन टिप्ने तयारी भइरहेको छ', उनले भने, 'अबको एक महिनामा फुजी स्याउ पनि टिप्ने बेला हुन्छ।' यसपटक गाला स्याउ १० हजार किलो उत्पादन भएको उनले जानकारी दिए । 'दुई ट्रक स्याउ काठमाडौं पठाइसकेको छु । काठमाडौंमा बिक्री गर्न समस्या छैन।'

चार वर्षअघि लगाइएको लामाको बगैँचामा यतिबेला १२ हजार ५०० बोटमा स्याउ फलेका छन् । उनले आफ्नो उत्पादनलाई 'चुमनुब्री स्याउ' नामले ब्रान्डिङ गर्दै आएका छन् ।

यसैगरी दुई हजार ७०० मिटर उचाइमा रहेको विशाल मनास्लु फर्म तथा लर्निङ सेन्टरका सञ्चालक छिरिङ लामा यतिबेला टिप्ने बेला भएको लटरम्म स्याउको बगैँचा देखेर दङ्ग छन् । चुमनुब्री गाउँपालिका-२ ल्होमा रहेको सो स्याउ बगैँचा पाँच हजार बोट लटरम्म स्याउले भरिभराउ छ।

गाला जातको स्याउ टिप्ने बेला भइसकेको सञ्चालक लामाले बताए। उनको बगैँचामा गाला, फुजी, गोल्डन डेलिसियसलगायत जातका स्याउ छन् । असोज पहिलो हप्ताभित्रै सबै प्रजातिका स्याउ टिप्न थाल्ने उनले जानकारी दिए ।

लामाको बगैँचामा तीन वर्षदेखि स्याउ उत्पादन हुन थालेको हो । उनले आफ्नो बगैँचाको स्याउलाई 'मनास्लु स्याउ' नाम दिएर ब्रान्डिङ गरेका छन् । लामाले गत वर्ष आठ हजार किलो स्याउ उत्पादन गरेका थिए । पहिलो वर्ष भने उनको बगैँचामा सात सय किलो मात्र स्याउ उत्पादन भएको थियो । उत्पादन बर्सेनि बढ्दै गएको लामाले बताए ।

गाला जातको स्याउ टिप्ने बेला भइसकेको सञ्चालक लामाले बताए। उनको बगैँचामा गाला, फुजी, गोल्डन डेलिसियसलगायत जातका स्याउ छन् । असोज पहिलो हप्ताभित्रै सबै प्रजातिका स्याउ टिप्न थाल्ने उनले जानकारी दिए ।

'यसवर्ष १० हजार किलो उत्पादन हुने अनुमान छ', लामाले भने । ल्होका अन्य स्थानीयले पनि घरायसी प्रयोगका लागि थोरथोरै स्याउ उत्पादन गर्दै आएका छन् ।

गण्डकी प्रदेश सरकारअन्तर्गत कृषि ज्ञानकेन्द्र गोरखासँग साझेदारी गरी यहाँ स्याउ बगैँचा विकास गरिएको हो । चार वर्ष अघि कृषि निर्देशनालयले इटलीबाट ल्याएको गाला, फुजी, रेड र गोल्डन डेलिसियस जातको स्याउको उन्नत बिरुवा किसानलाई ७० प्रतिशत अनुदानमा उपलब्ध गराएको थियो। स्याउ बगैँचा स्याउखेतीसम्बन्धी अध्ययन गर्न चाहनेका लागि अध्ययन केन्द्रको रुपमा पनि विकास गरिएको छ।

'हाम्रो स्याउ फर्म उच्च गुणस्तरको जातको स्याउ उत्पादन गर्ने मात्र नभई स्याउखेतीको अध्ययन गर्नेका लागि अध्ययन केन्द्रका रुपमा पनि विकास गरेका छौँ', मनास्लु स्याउका उत्पादक छिरिङ धार्के भन्छन्, 'यहाँ आएर अध्ययन गर्ने विद्यार्थीका लागि निःशुल्क आवास र खानाको व्यवस्था गरेका छौँ।'

चुमनुब्री गाउँपालिकाका अधिकांश ठाउँमा स्याउखेती राम्रो हुने हुनाले अन्य किसानले पनि व्यावसायिक स्याउखेती गर्न थालेका छन्।

## देशभर साढे ५८ लाख सवारीसाधन दर्ता, सबैभन्दा धेरै मोटरसाइकल

काठमाडौं- देशभरि दर्ता भएका सवारीसाधन संख्या ५८ लाख ५० हजारभन्दा माथि पुगेको छ ।

यातायात व्यवस्था विभागका अनुसार गत आर्थिक वर्ष २०८१/८२ सम्म उक्त संख्या सवारीसाधन दर्ता भएको देखिएको छ । देशभरि दर्ता भएका सवारीसाधनमध्ये सबैभन्दा धेरै मोटरसाइकल छन् ।

२०८१/८२ सम्म ४७ लाख ४४ हजार ७२ मोटरसाइकल दर्ता भएका छन् । अहिले देशभरि ३ लाख ६६ हजार ७ सय २३ कार/जिप/ट्याक्सी रहेको विभागको तथ्यांक छ ।

नेपालमा प्रजातन्त्र आएको वर्ष अर्थात् आव २०४६/४७ मा नेपालमा ७६ हजार ३ सय ७८ सवारीसाधन थिए । त्यसयता साढे ३ दशकमा सवारीसाधन संख्या उल्लेख्य वृद्धि भएको विभागको तथ्यांकले देखाएको छ ।

विभागको तथ्यांक अनुसार नेपालमा ७१ हजार ५ सय ७७ बस गुड्ने गरेको पाइएको छ । मिनिबस/ट्रक संख्या ४१ हजार ९ सय ८६ छ । क्रेन, डोजर, एक्जाभेटर, लोडर, रोलर संख्या भने १ लाख २९ हजार १ सय १९ देखिन्छ । पिकअप गाडी संख्या ९१ हजार ४ सय ८३ छ ।

त्यस्तै माइक्रोबस १२ हजार ५ सय ७५, टेम्पो १ लाख ११ हजार ३ सय ५२ र ट्याक्टर १ लाख ९० हजार ६४ रहेको तथ्यांक छ । दर्ता भएका ई-रिक्सा ७३ हजार ६ सय ६ र अन्य १७ हजार ८ सय ७५ गरी देशभरि कुल ५८ लाख ५० हजार ४ सय ३२ सवारीसाधन दर्ता भएको देखिएको छ ।

गत आव २०८१/८२ मा मात्र २ लाख ४२ हजार ४ सय ४१ सवारीसाधन दर्ता भएका थिए । त्यसबेला २ हजार ५ सय ८८ बस दर्ता भएका थिए । त्यस्तै १५ हजार ९९ कार थपिएका छन् । मोटरसाइकल भने १ लाख ९६ हजार २ सय ११ वटा थप भएका छन् ।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ७,
२०८२ साल भदौ २४ गते मंगलबार
9 SEPTEMBER 2025, TUESDAY

# म्याग्दीमा करिब एक अर्बको आलु र सुन्तला बिक्री



म्याग्दी- गत आर्थिक वार्षिकमा यहाँबाट करिब रु एक अर्बको आलु र सुन्तला बिक्री भएको छ । जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार आव २०८१/८२ मा यहाँबाट रु ६० करोडको आलु र ३३ करोड ४६ लाख बराबरको सुन्तला बिक्री भएको हो ।

केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले गत आवमा एक हजार आठ सय २० हेक्टर क्षेत्रफलमा उत्पादन भएको ३५ हजार चार सय ९० मेट्रिकटन आलु प्रतिकिलो न्यूनतम रु ३५ का दरले बिक्री हुँदा रु ६० करोडको कारोबार भएको जानकारी दिए ।

उनका अनुसार एक हजार आठ सय २० क्षेत्रफलमा प्रतिहेक्टर १९ दशमलव पाँच मेट्रिकटनका दरले आलु उत्पादन भएको छ । चार सय २५ हेक्टर क्षेत्रफलमा उत्पादन भएको चार हजार सात सय ८१ दशमलव तीन मेट्रिकटन सुन्तला प्रतिकिलो रु ८० का दरले ३३ करोड ४६ लाख ७० हजारमा बिक्री भएको केन्द्रका प्रमुख बाँस्तोलाले बताए।

म्याग्दीको आलु र सुन्तला बेनी, पोखरा, काठमाडौं र चितवनका बजारमा बिक्री हुन्छ । क्षेत्रफल विस्तार, अनुकूल मौसम, रोगकीराको समस्या नदेखिएकाले आलु र सुन्तलाको उत्पादन बढेको प्रमुख बाँस्तोलाले बताए।

आव २०८०/८१ मा एक हजार सात सय ५० हेक्टरमा ३१ हजार चार सय ५० मेट्रिकटन आलु र रु २४ करोड बराबरको तीन हजार ६०० मेट्रिकटन सुन्तला उत्पादन भएको थियो। कृषि ज्ञान केन्द्रका प्राविधिकले 'क्रपकटिङ' विधिबाट फलफूल, तरकारी र खाद्यबाली उत्पादनको तथ्याङ्क सङ्कलन गर्दै आएका छन्।

अन्नपूर्ण गाउँपालिकाको शिख, खिबाङ, राम्चे, काफलडाँडा नाङ्गी, हिस्तान, पाउद्वार, रघुगङ्गा गाउँपालिकाको कुइनेमङ्गले, दर्मिजा, चिमखोला, ठाडाखानी, बेनी नगरपालिकाको भकिम्लीलगायत ठाउँमा आलु उत्पादन हुन्छ।

राखु, मरेक, सुर्केमेला, बरङ्जा, भैंडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा दुई सय भन्दा बढी सुन्तला बगैँचा छन्।

सवारीसाधनको पहुँच पुगेपछि गाउँगाउँमा उत्पादन भएको आलु र सुन्तलाले बजार पाउन थालेको हो । कृषि ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाले जिल्लामा आलु र सुन्तलाखेती विस्तार तथा प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गरेका छन्।

गत आर्थिक वर्षमा केन्द्रको रु ४७ लाख १४ हजार सहयोगमा ४२ वटा फार्म तथा समूहमा आवद्ध एक सय ६४ परिवार किसानले तीन सय ७० रोपनी बगैँचा सुदृढीकरण र ४० रोपनीमा विस्तार गरेका कृषिप्रसार अधिकृत गङ्गा लामिछानेले जानकारी दिए ।

खायन आलु कार्यक्रममार्फत तीन वटा सहकारी र २७ समूहलाई बीउ, यान्त्रिकरण, सिँचाइ पूर्वाधार, 'प्याकेजिङ' र ढुवानीका लागि रु ८७ लाख ६४ हजार अनुदान उपलब्ध गराइएको केन्द्रले जनाएको छ । यस वर्ष सुन्तलाजात फलफूल बगैँचा स्थापना तथा विस्तारका लागि रु छ लाख र सुदृढीकरणका लागि रु १९ लाख ८० हजार बजेट प्राप्त भएको छ ।

जिल्लामा आलु जोन कार्यक्रमले अन्नपूर्ण र रघुगङ्गा गाउँपालिका तथा बेनी नगरपालिका-९ र १० मा आलुखेती विस्तारमा सहयोग गर्दै आएको छ । यसवर्ष पर्वत, बागलुङ र म्याग्दीमा सञ्चालन भइरहेको सुन्तला जोनमा रु ५३ लाख ८५ हजार, रघुगङ्गा, बेनी र अन्नपूर्ण गाउँपालिका कार्यक्षेत्र भएको आलु जोनका लागि रु १६ लाख ६८ हजार बजेट प्राप्त भएको परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले जानकारी दिए।

## अन्तराष्ट्रिय

# किभमा रुसको हालसम्मकै ठूलो हमला, दुई जनाको मृत्यु



किभ- युक्रेनसँगको जारी युद्धमा रुसले आइतबार हालसम्मकै ठूलो हवाई हमला गरेको छ । युक्रेनको राजधानी किभमा रुसले गरेको पछिल्लो ड्रोन तथा मिसाइल प्रहारमा कम्तीमा दुई जनाको मृत्यु भएको बताइएको छ भने हमलामा प्रमुख सरकारी भवनमा क्षति पुगेको छ ।

किभका मेयर भिटाली क्लिट्स्कोले पनि हमलामा परी दुई जनाको मृत्यु भएको र २० जना घाइते भएको बताए । मारिने दुई जनामा एक आमा र उनको ३ महिनाको सन्तान रहेका छन् । जसको शव उद्धारकर्ताहरूले पुरिएको अवस्थामा भग्नावशेषबाट निकालेका थिए ।

युक्रेनको वायुसेनाले ८ सय १० ड्रोन र डिकोइजद्वारा हमला गरिएको बताएको छ । युक्रेनको वायुसेनाका प्रवक्ता युरी इहनाटले आइतबारको युक्रेनमाथि हमला युद्ध सुरु भएदेखिकै सबैभन्दा ठूलो रुसी ड्रोन हमला भएको पुष्टि गरे । रुसले युक्रेनको राजधानीलाई लक्ष्य बनाएर विभिन्न प्रकारका १३ वटा मिसाइल पनि प्रहार गरेको थियो । हमलामा युक्रेनले ७ सय ४७ ड्रोन र ४ वटा मिसाइललाई गोली हानेर निष्क्रिय पारेको युक्रेन वायुसेनाले एक विज्ञप्ति जारी गर्दै दाबी गरेको छ ।

युक्रेनका ३३ स्थानमा ९ वटा मिसाइल र ५४ वटा ड्रोनबाट हमला गरिएकामा युक्रेनी प्रत्याक्रमणबाट निष्क्रिय बनाइएका रुसी ड्रोन तथा मिसाइल आठ स्थानमा खसेको युक्रेन वायुसेनाको दाबी छ । एपीका पत्रकारहरूले किभको मन्त्रिपरिषद् भवनको छतबाट धूवाँको मुस्लो निस्किरहेको देखेको उल्लेख गरेका छन् । जुन युक्रेनको मन्त्रिपरिषद्को भवन रहेको बताइएको छ ।

'शत्रुको आक्रमणबाट पहिलो पटक सरकारी भवन क्षतिग्रस्त भएको छ, यसको छाना र माथिल्लो तलाहरूमा क्षति पुऱ्याएको छ,' युक्रेनकी प्रधानमन्त्री युलिया स्वेरीडेन्कोले भनिन्, 'हामी भवनहरू पुनर्निर्माण त गर्नेछौं तर गुमाएका जीवनहरू फिर्ता गर्न सकिँदैन ।' अन्तर्राष्ट्रिय समुदायले यस विनाशको जवाफ शब्दले मात्र नभई एक्सनमा नै दिनुपर्ने उनको भनाइ छ । प्रधानमन्त्री युलियाले मुख्यतः रुसी तेल र ग्यासमाथिको प्रतिबन्धको दबाबलाई थप कडिकडाउ पार्नुको विकल्प नरहेको पनि जिकिर गरिन् ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पनि रुसमाथि प्रतिबन्ध लगाउन र युक्रेनको हवाई प्रतिरक्षा प्रणालीलाई बलियो बनाउनुपर्नेमा जोड दिँदै भने, 'युद्ध रोक्नका लागि धेरै पहिले नै सुरु हुनुपर्ने कूटनीतिक पहलमा ढिलाइ गरी जानाजानी यस्ता हत्या, अपराध गरेर रुसले युद्धलाई थप लम्ब्याउन चाहेको देखिन्छ ।

# सुरक्षा चुनौतीको विश्लेषण गर्दै रणनीति बनाएर काम गर्न आईजीपीको निर्देशन



काठमाडौं- प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले सुरक्षा चुनौतीको विश्लेषण गर्दै रणनीति बनाएर काम गर्न निर्देशन दिएका छन् ।

हाल समाजमा देखा परेको सुरक्षा चुनौतिहरूको विश्लेषण गर्दै त्यस्ता चुनौतिहरूको सामना गर्न आवश्यक सुरक्षा रणनीति बनाई प्रभावकारी प्रहरी परिचालन गर्न निर्देशन दिएका हुन् । नेपाल प्रहरी प्रधान कार्यालयबाट भर्चुअल माध्यमद्वारा समसामयिक विषयवस्तु लगायत प्रहरी गतिविधि र कामकाज सम्बन्धमा आइतबार प्रहरी कर्मचारीहरूलाई निर्देशन सम्बोधनको क्रममा प्रहरी महानिरीक्षक खापुङले उक्त निर्देशन दिए । खापुङले आसन्न चाडपर्वहरूको समयमा कुनै पनि आपराधिक क्रियाकलापका घटनाहरू हुन नदिन थप संवेदनशीलता अपनाई कार्य गर्नुपर्ने उल्लेख गरे ।

आपराधिक गतिविधिको सूचना संकलन तथा विश्लेषणमा समेत थप सक्रियता अपनाउनु आवश्यक रहेको उनले बताए । आ-आफ्नो जिम्मेवार क्षेत्रहरूमा सुरक्षा व्यवस्थापनको निम्ति आवश्यक सुरक्षा योजना निर्माणका साथै स्थानीय तह एवं सरोकारवाला सबै पक्षहरूसँग समन्वय र सहकार्य गरी व्यावसायिक, उत्तरदायी एवम् जवाफदेही प्रहरी सेवा प्रवाह गर्नुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा वरिष्ठ प्रहरी अधिकृतहरू लगायतको उपस्थितिको साथै काठमाडौं उपत्यका प्रहरी कार्यालय, ७ वटै प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, प्रदेश प्रहरी तालिम केन्द्र, नेपाल प्रहरी विशेष सुरक्षा गण तथा प्रदेश प्रहरी गण, जिल्ला प्रहरी परिसर र जिल्ला प्रहरी कार्यालयहरू एवं मातहत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूको भर्चुअल उपस्थिति रहेको थियो ।

# प्रहरीको अस्वाभाविक बल प्रयोगमा मानव अधिकार आयोग मौन



**काठमाडौं-** सामान्य प्रदर्शनको समेत अनुगमन गर्ने र मानव अधिकारको पालनाको अनुगमन गर्ने राष्ट्रिय मानव अधिकार आयोग भने प्रहरीको हिंसात्मक बल प्रयोगमा मौन रहेको ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले आफू कार्यालयबाट बाहिर रहेको र अपडेट हुन नपाएको प्रतिक्रिया दिए । 'म त भाषा आयोगको कार्यक्रममा आएको थिएँ, यहीं रोकिएर बसेको छु,' उनले भने, 'आयोगका साथीहरू परिचालन हुनुभएको छ, उहाँहरूसँग बुझ्नुस् न ।' बिहानैदेखि आन्दोलन सुरु भएको र प्रहरीले बल प्रयोग गर्न थालेपछि नागरिकको मानव अधिकार रक्षाका लागि तम्तयार हुनुपर्ने आयोगको नेतृत्व नै मौन देखिएको हो । अध्यक्ष मगरले 'दुई जनाको मृत्यु भएको खबर भर्खरै थाहा पाए पनि अहिलेसम्म आयोगको आफ्नो धारणा बनिनसकेको बताए । उनले भने, 'हाम्रो टोली खटिएको छ, प्रवक्ता छन्, उनीसँग बुझ्नुस् न ।'

# एक करोड लगानीमा बागलुङमा साबुन उद्योग सञ्चालन

ढोरपाटन (बागलुङ)- एक करोड लगानीमा बागलुङमा साबुन उद्योग सञ्चालनमा आएको छ । काठेखोला गाउँपालिका-७ रेशका तीर्थ गौतम र तारा शर्माले पछिल्लो दुई वर्षदेखि कालिका सबुन उत्पादन गर्दै आएका हुन् । उनीहरु दुवैले स्नाकोत्तर उत्तीर्ण गरेका छन् । उनीहरुलाई समकालीन साथीहरू विदेशिँदा तिमीहरू पनि विदेश जाऊ भनेर सल्लाह दिनेहरू नभेटिएका होइनन् ।

परिवारकै सदस्यले पनि विदेश जानुको विकल्प देखिँदैन भन्थे । तर तीर्थ र ताराले विदेशको विकल्प रोज्ने होइन, नेपालमै उद्यमी बन्ने सपना देखे । यतिबेला उनीहरू दुई वर्षको छोरासँगै आफ्नो उद्योगलाई हुर्काइरहेका छन् । स्वदेशमै स्वरोजगार सृजना गरेका तीर्थ र ताराको उद्योगमा अहिले छ जनाले रोजगारी पाएका छन् ।

बागलुङ बजारको हल्लनचोक नजिकै रहेको टिएण्डटी म्यानुफ्याक्चरिङ उद्योगबाट तीर्थ र ताराले भाँडा र कपडा धुने साबुन उत्पादन गरेर बागलुङको गलकोट, बुर्तिबाङ, कुश्मिसेरा, बरेङ र म्याग्दी र पर्वत जिल्लाका मुख्य सहरमा बिक्री गर्दै आएका छन् ।

विसं २०७८ मा पर्यटन तथा उद्योग कार्यालय र बागलुङ नगरपालिकामा उद्योग दर्ता गरेका तीर्थ र ताराले २०८० सालबाट साबुन उत्पादन गरेर बिक्री गर्न थालेका हुन् । ५० लाख लगानी गरेर सुरु गरेको उद्योगमा एक करोडभन्दा बढी लगानी पुगेको छ । निकट भविष्यमा सरफ, हार्पिक र कुलिनसमेत उत्पादन गर्ने लक्ष्य रहेको ताराले बताइन् ।

उनले भनिन्, 'अहिले विदेश जाने लहर चलेको छ, तर हामीहरूले यही नै केही गर्नपर्छ भन्ने सोच बनायौं र साबुन उद्योग सुरु गरेका हौं, नयाँ कामको सुरुआत आफैँबाट थालनी गर्नपर्छ भन्ने मान्यता राख्छौं, यहाँ साबुन उद्योग सञ्चालन हुँदा गाउँठाउँकै स्थानीयले नै रोजगार पाउँछन् ।'

साबुन उत्पादनका लागि अधिकांश कच्चा पदार्थ भारत र केही काठमाडौंबाट खरिद गर्ने तीर्थले बताए । आफूहरूले वार्षिक ५० लाख बराबरको कारोबार गर्ने उनको भनाइ छ । दुई सय ग्रामको कपडा धुने कालिका साबुनलाई ५० मा बिक्री गर्दै आएको उनी बताउँछन् । उत्पादनमा मात्र नभएर उत्पादित साबुनको गुणस्तरमा समेत ध्यान दिने गरेको उनले सुनाए ।

**संरचना भत्काइयो...**

भत्काएको हो । नगरपालिकाले ३५ दिने सूचना टाँस गरेर दिइएको समयसीमा नाघेपछि डोजर चलाईएको नगरप्रहरी प्रमुख सीताराम हाछेथुले जानकारी दिएका छन् । महानगरपालिकाको सार्वजनिक जग्गा तथा ऐतिहासिक सार्वजनिक पोखरीहरुको संरक्षण गर्ने नीति बमोजिम सो स्थानमा रहेको छ ।

पोखरीको जिर्णोद्वार तथा पुनः निर्माणका लागि तयार पारिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) नगर कार्यपालिकाबाट स्वीकृत गरी बजेट विनियोजन हुनाले सो संरचना हटाइएको हाछेथुले बताए ।

# जेनजीमाथि सरकारको बर्बर दमनको कलाकारले गरे विरोध, कसले के भने ?

काठमाडौं- भ्रष्टाचार, सत्ताको दुरुपयोग र सामाजिक सञ्जाल बन्दको विरोधमा सोमबार भएको जेनजी पुस्ताको प्रदर्शनमा सरकारले बर्बर दमन गरेको भन्दै कलाकारहरुले विरोध जनाएका छन् । प्रदर्शनमा सहभागी १८ जनाको मृत्यु भएपछि आक्रोशित भएका कलाकारहरुले सामाजिक सञ्जालमार्फत् ‘हत्यारा सरकार’ भन्दै प्रधानमन्त्री र गृहमन्त्रीको राजीनामा समेत मागेका छन् ।



अभिनेत्री ॠचा शर्माले आन्दोलनका हृदयविदारक तस्वीर (रगताम्मे भएको जुत्ता) सामाजिक सञ्जालमा सेअर गर्दै सरकारले आफ्नो असली रुप देखाएको उल्लेख गरेकी छन् । उनले लेखेकी छन्, ‘ढल्दै गएको पुस्ताले उदाउँदै गरेको पुस्तामाथि दमन गरेको छ र देशभित्रै ज्वालामुखी फुट्दैछ । हत्यारा सरकार, भ्रष्ट सरकार, अलोकतान्त्रिक सरकार ।’

अभिनेत्री द्वय वर्षा सिवाकोटी र लक्ष्मी वर्देबाले पनि ‘हत्यारा सरकार’ भन्दै जेनजीमाथि भएको बर्बर दमनको विरोध गरेका छन् । अर्की अभिनेत्री आँचल शर्माले इन्स्टाग्राम स्टोरीमा एक पोस्ट लेख्दै ‘ दिनदहाडै हत्या गर्नँलाई नियन्त्रण भन्छौ’ भन्दै सरकारलाई प्रश्न गरेकी छन् । उनले लेखेकी छन्, ‘रगतले लतपतिएका तिमीहरुको अनुहारलाई इतिहासले हरेक दिन थुक्नेछ ।’ त्यस्तै, अभिनेत्री रेखा थापाले मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै जेनजीले उठाएको माग पूरा गर्न र संविधान संशोधन गर्न सरकारसँग आग्रह गरेकी छन् । अभिनेता पल शाहले न्याय र अधिकार खोज्दा ज्यान नै गुमाउनुपर्ने कठै मेरो देश भन्दै दुःख व्यक्त गरेका छन् भने अर्का अभिनेता पुष्प खड्काले जनता देशको सम्पत्ति भए पनि राज्यले कठपुतली बनाएको भन्दै आक्रोश पोखेका छन् । निर्देशक तथा सांसद असिम शाह, निर्देशक तथा निर्माता सन्तोष सेन, ज्योतिष तथा अभिनेता हरिहर अधिकारी, अभिनेता दिव्यदेव पन्त, अभिनेत्रीहरु नीता ढुंगाना, नीति शाह, साम्राज्ञी राज्यलक्ष्मी शाह, आना शर्मा, सुहाना थापा लगायतले पनि जेनजीको प्रदर्शनमा भएको दमनको सामाजिक सञ्जालमार्फत् विरोध जनाएका छन् ।

# देशभरका हलमा लाग्यो नाजिर हुसेनको गुन्यो चोलो



काठमाडौं- नाजिर हुसेर अभिनीत फिल्म गुन्यो चोलो द ड्रेसु शुक्रबारदेखि देशभरका सिनेमा हलमा प्रदर्शनमा आएको छ।

लैंगिक अल्पसंख्यक समुदायको कथा पेश गर्ने यो फिल्मलाई समुन्द्र भट्टले निर्देशन गरेकी हुन्। फिल्ममा नाजिरले पारलैंगिक महिलाको भूमिकामा अभिनय गरेका छन्। उनको पात्रले पहिचानका लागि गर्ने संघर्षमा फिल्म केन्द्रित छ। यो सामाजिक कथानक फिल्ममा नाजिरसँगै सञ्चिता लुइँटेल, विशाल पहारी, सुशील सिटौला, अनुपम श्रेष्ठलगायत कलाकारहरूको अभिनय छ। फिल्मको अन्तर्राष्ट्रिय वितरण अधिकार अमेरिकाको बफेलो एट्लेले किनेको छ।

यो फिल्म नेपाली र हलिउड फिल्म प्रोड्क्सन हाउसको संयुक्त सहकार्यमा बनेको हो। फिल्ममा आकाश बुढाथोकी र भि-भन्से जानुबोनको लगानी छ। कथा समुन्द्र भट्ट, नाजिर हुसेन र भि-भन्सेले तयार पारेका हुन्। यो फिल्मको रनटाइम २ घण्टा ७ मिनेट छ। टिजर, ट्रेलर र गीतबाट राम्रो प्रशंसा पाएको फिल्मलाई दर्शकले रूचाउने विश्वास निर्माण टिमको छ।

# जेनजी आन्दोलनको प्रभाव : ‘अभिमन्यु’ को प्रदर्शन स्थगित



7SEAS CINEMA
23, Laitpur Dhapakhel
7seascinema@gmail.com
7seascinema.com

मिति: २०८२/०५/२३

प्रेस बिज्ञप्ती

जेन्जी पुस्ताको प्रदर्शनमा भएको धरपकड र गोलाबारीका कारण सिर्जना भएको विषम परिस्थितिबारे सबै अवगत नै छौं। यस दुःखद् घटनामा ज्यान गुमाउनु परेका निर्दोष आत्माहरूप्रति हामी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। शोकसन्तप्त परिवारजनप्रति गहिरो संवेदना प्रकट गर्दै घाइते सबैमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

यस दुखद घडीमा चलचित्र सार्वजनिक गर्नु नैतिक र भावनात्मक दृष्टिले उचित नहुने ठानेर हाम्रो आगामी चलचित्र "अभिमन्यु" लाई पूर्वनिधारित मिति भदौ २७ गते प्रदर्शनमा ल्याउन नसक्ने निर्णय गरेका छौं। नयाँ प्रदर्शन मिति चाँडै तय गरी सार्वजनिक गरिनेछ।

यस निर्णयका कारण देश तथा बिदेशमा रहनुभएका वितरक, प्रदर्शक र दर्शकमा पर्न गएको असुविधाप्रति हामी जानकार छौं र तपाईंहरूको समर्थन तथा समझदारीका लागि आभारी छौं।

विनोद पौडेल
अध्यक्ष, सेभेन सिज सिनेमा




काठमाडौं- यही भदौ २७ गतेबाट प्रदर्शनमा आउने भनिएको फिल्म ‘अभिमन्यु’ तोकिएको मितिमा रिलिज नहुने भएको छ । सोमबार जेनजी पुस्ताको आन्दोलनपछि उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै फिल्मको प्रदर्शन स्थगन गरिएको हो । निर्माता कम्पनी सेभेन सिज सिनेमाका अध्यक्ष विनोद पौडेलले विज्ञप्ति जारी गर्दै फिल्मको नयाँ प्रदर्शन मिति चाँडै घोषणा गरिने जानकारी दिए ।

आन्दोलनमा ज्यान गुमाउनेहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै विज्ञप्तिमा भनिएको छ, ‘यस दुखद घडीमा फिल्म सार्वजनिक गर्नँ नैतिक र भावनात्मक दृष्टिले उचित नहुने ठानेर हाम्रो आगामी फिल्म ‘अभिमन्यु’लाई पूर्वनिधारित मिति भदौ २७ गते प्रदर्शनमा ल्याउन नसक्ने निर्णय गरेका छौं । नयाँ प्रदर्शन मिति चाँडै तय गरी सार्वजनिक गरिनेछ ।’

नेपाली र हिन्दी भाषामा तयार भएको ‘अभिमन्यु’मा कामेश्वर चौरासिया, किरण श्रेष्ठ, शिशिर वाङ्देल, सरिता गिरी, गौमाया गुरुङ, लक्ष्मी बर्देबा, प्रकाश दाहाल लगायतले अभिनय गरेका छन् । सुशान्त गौतमको निर्देशनमा बनेको यो फिल्मको हिन्दी संस्करण असोज ६ गते प्रदर्शन गर्ने तयारीमा निर्माण पक्ष छ । सम्भवतः अब यही मितिमा फिल्मको दुवै संस्करण प्रदर्शन हुन सक्नेछ ।

सस्पेन्स थ्रिलर विधामा निर्माण भएको ‘अभिमन्यु’मा मुकेश खनालको लेखन, मदन थापाको क्रिएटिभ निर्देशन तथा शरद महतोको छायांकन रहेको छ । विनोद पौडेलले गुञ्जन गिरीसँगको सहकार्यमा निर्माण गरेको यो फिल्ममा रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्मातामा छन् । विनोद र रमेश कीर्तिमानी फिल्म ‘पूर्ण बहादुरको सारङ्गी’का निर्माता हुन् ।

# ‘धागो’को ‘ट्याउा ट्याउँ’ गीतमा बृद्धि, सुरक्षा र वर्षाको नृत्य



काठमाडौं- आगामी कात्तिक २८ गतेबाट नेपाल र भारतमा एकसाथ प्रदर्शन हुन लागेको फिल्म ‘धागो’को पहिलो गीत ‘ट्याउँ ट्याउँ’ सार्वजनिक गरिएको छ । रोमान्टिक कमेडी शैलीमा तयार पारिएको यो गीतमा पुष्पन प्रधान र आकाङ्क्षा थापाको स्वर रहेको छ भने शब्द तथा संगीत पुष्पन स्वयंको हो ।

गीतको भिडियोमा बुद्धि तामाङ, वर्षा राउत, सुरक्षा पन्त, प्रभात थापा, सुरभि थापा लगायतका कलाकार हरूले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । भिडियोका कोरियोग्राफर कविराज गहतराज हुन् । प्रेम, आकर्षण र चाहनाको भावना समेटिएको यस गीतले दर्शकमाझ फिल्मप्रति थप उत्साह जगाउनेमा निर्माण पक्ष आशावादी छ । उदीप राना थापाको निर्देशनमा तयार भएको फिल्ममा सुरक्षा, बुद्धि, प्रभात र सुरभिसहित सुनिल थापा, रबिन सान्संकर, दीप छेत्री, प्रज्ञा थापा, बाबु प्रधान, सेवन विश्वकर्मा, राजीव भुसाल, आइशा तामाङ लगायतको अभिनय रहेको छ । वर्षाले भने गीतमा मात्र अभिनय गरेकी छन् । निर्देशक थापा स्वयंको लेखन रहेको यो फिल्मलाई बलिउडका अनिकेर एम. घोघलेले खिचेका हुन् ।

म्याग्नेट इन्टरटेन्मेन्ट इन्डियाको ब्यानरमा बनेको ‘ धागो’मा अखिलेश रायको सम्पादन, बिनु प्रधानको कस्ट्युम डिजाइन, अनुरूप केर्टकेट्टाको भीएफएक्स, अमित त्रिवेदीको साउन्ड डिजाइन तथा निर्मल पन्याको ब्याकग्राउण्ड स्कोर रहेको छ । उमा थापा, उत्तम थापा र उदीप थापा लगानीकर्ता रहेको यस फिल्ममा प्रभात थापा, समीर तामाङ र राजेश क्षेत्री सह-निर्मातामा छन् ।

निर्देशक थापाले नेपाल-भारत सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपाली परिवारहरूको जीवन, उनीहरूको आपसी भावनात्मक सम्बन्ध र सांस्कृतिक धागोलाई फिल्मले केन्द्रमा राखेको बताएका छन् । उनी ‘ धागो’लाई आफ्नो माटो र मान्छेको कथाको रुपमा अर्थ्याउँछन् । भारतको डुवर्स निवासी उनको यो पहिलो निर्देशकीय फिचर फिल्म हो ।

# जितुको साथमा ‘छक्का पञ्जा युएसए टूर’ गर्दै दीपक-दीपा




काठमाडौं- कुनै बेला दीपकराज गिरी, दीपाश्री निरौला, र जितु नेपालबीच व्यक्तिगत र व्यावसायिक दुवै हिसाबले बलियो सम्बन्ध थियो । उनीहरुले ‘६ एकान ६’ हुँदै ‘छ माया छपक्कै’सम्म निरन्तर सहकार्य गरे । तर, ‘महानायक’ विवादपछि उनीहरुको सहकार्य मात्र नभई व्यक्तिगत सम्बन्धमा पनि दरार देखा पर्‍यो । दीपक-दीपा र जितुबीच लामो समय पानी बाराबारकै अवस्था रहेको थियो ।

अब भने उनीहरुले विगतका तित्कता भुलेर पुनः सहकार्यको यात्रा सुरु गरेका छन् । यसको सुरुवात ‘छक्का पञ्जा युएसए टूर’बाट भएको हो । ३ असोजमा अमेरिकाको बाल्टिमोरबाट सुरु हुने यो टूरमा दीपकराज र दीपाश्रीसहित जितु पनि सहभागी हुनेछन् । आइतबार काठमाडौंमा उक्त टूरबारे जानकारी दिन आयोजित कार्यक्रममा उनीहरुको उपस्थिति रहेको थियो ।

अमेरिकाको १५ स्थानमा हुने कार्यक्रममा दीपकराज, दीपाश्री र जितुसहित अभिनेता तथा उद्घोषक आसिफ शाह, गायिका मिना पोखेल र गायक धर्मेन्द्र सेवान पनि सहभागी हुनेछन् । आत्रेय प्रोडक्सन हाउस र ग्लोबल इभेन्ट्सको संयुक्त प्रस्तुतिमा हुन लागेको उक्त टूरमा हास्य प्रहसनदेखि सांगीतिक प्रस्तुतिसम्म रहने जनाइएको छ । १५ वर्षपछि अमेरिका जान लागेको दीपकले यसपटकको दशैंमा आफ्नो समूहको फिल्म रिलिज नभएकाले दर्शकलाई ‘छक्का पञ्जा’को मजा दिन अमेरिका टूरमा सहभागी हुन लागेको बताए । दीपाले भने धेरैपछि स्टेजमा प्रस्तुति दिन लागेकाले आफू नर्भस रहेको बताइन् । जितुले यसपालिको दशैं अमेरिकाबासी दर्शकसँग रमाइलो गर्दै मनाउन आफू उत्साहित रहेको बताए ।

# ‘सगरमाथा फ्रेन्डशिप-२०२५’ संयुक्त सैन्य अभ्यास सुरु

काठमाडौं- पाँचौं संस्करणको नेपाल-चीन संयुक्त सैन्य अभ्यास ‘सगरमाथा फ्रेन्डशिप-२०२५’ भदौ २२ गते (७ सेप्टेम्बर) देखि काठमाडौंमा सुरु भएको छ । नेपाली सेना र चिनियाँ सेनाबीचको यो अभ्यास १० दिनसम्म सञ्चालन हुनेछ । अभ्यास विपद् व्यवस्थापन, मानवीय सहायता र साझा क्षमताहरूमा केन्द्रित रहनेछ। नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतका अनुसार, अभ्यासले दुवै देशका सेनाबीच अनुभव र ज्ञान साटासाट गर्ने अवसर दिनेछ ।

यो तेस्रो पटक नेपालमै आयोजना गरिएको हो। यसअघि २०१७ र २०१९ मा नेपाल र २०१८ मा चीनको छेन्दूमा अभ्यास भएको थियो। कोभिड-१९ महामारीपछि पहिलो पटक यो अभ्यास पुनः सुरु गरिएको हो ।

## चराचुरुङ्गीको संरक्षण गरौं

**चराचुरुङ्गीले:**

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा-फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुर्‍याउँछ,
- खेतीपातीमा बिषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुर्‍याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुर्‍याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पु-याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुर्‍याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न.१/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ७,
२०८२ साल भदौ २४ गते मंगलबार
9 SEPTEMBER 2025, TUESDAY

# अटो व्यवसायीलाई लाग्यो दसैं




काठमाडौं- आउँदै गरेको दसैंमा अटो बजारलाई गुलजार बनाउने रणनीतिसहित व्यवसायीहरू अगाडि बढेका छन् ।

दसैं नजिकिएसँगै गाडी विक्रेताहरूबीच ग्राहकलाई आकर्षित गर्न अफर ल्याउने होड चलेको छ । अटो व्यवसायीले दसैं तिहारलाई लक्षित गरी १५ लाख रुपैयाँसम्म छुट र अन्य आकर्षक अफर ल्याएका छन् ।

नाइमा मोबिलिटी एक्स्पो र नाडा अटो शोमा करिब ८ हजार सवारीसाधन बुकिङ गराएको दुई साता नहुँदै व्यवसायीहरू दसैं-तिहार अफर ल्याएर ग्राहक तान्ने होडमा लागेका हुन् ।

गाडी विक्रेताहरूका लागि दसैं मुख्य सिजन हो । ग्राहकहरूमाझ खासगरी दसैंका बेला गाडी किन्ने चलन छ । वर्षभरिमा हुने सवारीसाधन बिक्रीको ४० प्रतिशत कारोबार दसैं-तिहारमा हुने व्यवसायीहरूको भनाइ छ । त्यही कारण व्यवसायीहरू अहिले आकर्षक अफरसहित ग्राहकलाई लोभ्याउनतिर लागेका हुन् ।

नाइमा मोबिलिटी एक्स्पो र नाडा अटो शोमा बुकिङ भएका सवारीसाधन डेलिभरी गर्ने पनि दसैंकै समयमा हो । नाइमा र नाडा अटो शोमा बुकिङ भएका कतिपय नयाँ गाडी रसुवा र तातोपानी नाकामा अवरोधका कारण ल्याउन समस्या परेको छ ।

व्यवसायीहरूले भने आफूहरूसँग पुरानो मोडलका गाडी स्टकमा रहेको र भारतको बाटो हुँदै नयाँ मोडलका गाडी पनि भित्रिरहेकाले ग्राहकको माग अनुसार डेलिभरी गर्न सक्ने बताएका छन् ।

साउन तेस्रो साता भएको नाइमा मोबिलिटी एक्स्पो र भदौ पहिलो साता भएको नाडा एक्स्पोमा व्यवसायीहरूबीच गाडीको मूल्य घटाउने होड चलेको थियो ।

चारपाङ्गेमा यस्ता छन् अफर

चारपाङ्गे सवारीसाधन विक्रेताले नगद छुटसहित देश विदेश घुम्न जानेसम्मका अफर ल्याएका छन् ।

एमजी गाडीको विक्रेता पारामाउन्ट मोटर्सले दसैं तिहारलाई लक्षित गरी 'पाथ्स अफ स्माइल' योजना ल्याएको छ । यो अफरअन्तर्गत नयाँ गाडी खरिदमा ४ लाखसम्म छुट पाइनेछ ।

एमजी-४, एमजी कोमेट, एमजी जेडएस, एमजी एस-५, एमजी विन्डसर र एमजी आईएम-६ इभी खरिदमा छुट पाइने कम्पनीले जनाएको छ ।

गाडी किन्दा नगद छुटका साथै ग्राहकलाई कम्प्रिहेन्सिभ अटो प्लस इन्स्योरेन्स र ३ किलोवाट वा ७ किलोवाटको चार्जर निःशुल्क हुनेछ । देशभरका शोरुमबाट ग्राहकले कात्तिक १० गतेसम्म यो अफरको लाभ लिन सक्ने कम्पनीले जनाएको छ ।

हुन्डाईका गाडी खरिद गर्ने ग्राहकलाई ८ लाखसम्म नगद छुट दिने योजना ल्याइएको छ । हुन्डाईको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले 'हुन्डाई दसैं तिहार, १० गुणा उपहार' योजना ल्याएको छ ।

यो योजना अन्तर्गत नगद छुटका अलावा स्क्र्याच कार्डमार्फत १० लाख रुपैयाँसम्म जित्न सकिनेछ । यस्तै, लोयल्टी बोनस २० हजार रुपैयाँसहित एक वर्षको सडक कर र बीमा पनि निःशुल्क रहेको कम्पनीले जनाएको छ ।

होन्डा गाडीको आधिकारिक विक्रेता स्याकार ट्रेडिङले ४ लाखसम्म नगद छुट दिने अफर ल्याएको छ । होन्डाले दसैंलाई लक्षित गर्दै 'चंगा उड्छ फरर, होन्डा कारमा सरर' योजना ल्याएको हो ।

यो योजना छुटका साथै ५ वर्षसम्म सर्भिस निःशुल्क दिने कम्पनीले जनाएको छ । यस्तै, होन्डा गाडी किन्नेले १ वर्षको बीमा र १ वर्षको सडक कर निःशुल्क पाउनेछन् । एक्सचेन्ज बोनसमा २५ हजार रुपैयाँ दिने कम्पनीले जनाएको छ ।

सुजुकी गाडी बिक्री गर्ने सीजी मोटोकर्पले 'यसपालिको दसैं तिहार, सुजुकीसँग सुनौलो उपहारको बहार' योजना ल्याएको छ । यो योजना अन्तर्गत ग्राहकले ६ लाख रुपैयाँसम्म नगद छुट तथा २ लाखसम्म एक्सचेन्ज बोनस पाउनेछन् । साथै, एसेसरिज र एक वर्षको बीमा निःशुल्क हुने तथा स्पेयर पार्ट्समा सहुलियत रहेको कम्पनीले जनाएको छ ।

यस्तै, अल्टो र सेलेरियो शून्य प्रतिशत ब्याजदरमा लिन सकिनेछ । ई स्क्र्याचमार्फत १ लाख अतिरिक्त छुट र लक्की ड्र विजेता १० जनाले १ तोला सुन पाउनेछन् ।

किया गाडी खरिदमा पनि दसैंतिहार अफर छ । कियाको आधिकारिक विक्रेता इन्टरकन्टिनेन्टल ट्रेडिङले किया फेस्टिभ ड्राइभ एक्सचेन्ज अफर ल्याएको जसमा नगद छुट, विशेष फेस्टिभ डिस्काउन्ट र १ वर्षको बीमा निःशुल्क हुनेछ ।

नामीको आधिकारिक विक्रेता एमएडब्लू वृद्धिले मूल्य घटाएर अफर ल्याएको छ । कम्पनीले गाडीको मूल्य ८० हजार घटाएर दसैं अफर ल्याएको हो ।

ओमोडा एण्ड जेको गाडीमा नाइमामा ल्याइएको अफरलाई फेस्टिभ अफरका रुपमा निरन्तरता दिइएको छ । ओमोडा एण्ड जेकोको आधिकारिक विक्रेता एसपीजी अटोमोबाइल्सले ४ लाख रुपैयाँ छुटका साथै एक्सचेन्ज बोनस, ७ किलोवाटको होम चार्जर र १ वर्षको बीमा निःशुल्क गरिएको जनाएको छ । कम्पनीले अफर अन्तर्गत स्पेयर टायर पनि दिनेछ ।

जिकरले १५ लाख रुपैयाँ छुट दिने योजना ल्याएको छ । जिकर फेस्टिभ थ्रिल योजनाअन्तर्गत ग्राहकलाई १५ लाख रुपैयाँ छुटका साथै एक वर्षको अटो प्लस बीमा र सडक कर निःशुल्क हुनेछ । ग्राहकले ७ किलोवाट क्षमताको भित्ते चार्जर पनि पाउनेछन् ।

लिपमोटरका गाडीमा दसैं-तिहारमा पनि नाइमा मोबिलिटी एक्स्पोमा दिइएको अफरमा पाइने भएको छ । एमआरपीभन्दा निकै कम मूल्यमा सीमित समयका लागि गाडी खरिद गर्न पाइने व्यवस्था आधिकारिक विक्रेता सांग्रिला मोटर्सले मिलाएको छ ।

लिपमोटर किन्ने ग्राहकलाई ७ किलोवाट र २.२ किलोवाट क्षमताको चार्जर तथा एक वर्षको सडक कर निःशुल्क हुनेछ ।

निसान गाडीमा नगद छुटसहित १ वर्षको बीमा, सडक कर र ३ वर्षको सर्भिसिङ निःशुल्कको अफर छ । यो गाडीमा ३ वर्षको वारेन्टी दिइएको छ ।

बाइक जित्नेदेखि विदेश घुम्ने अफर

दुई पाङ्गे सवारीसाधनले पनि दसैं तिहारलाई लक्षित गरी विभिन्न अफर ल्याएका छन् ।

टीभीएसले आफ्ना बाइक तथा स्कुटरमा 'बाँड्दै हर्ष, बढाउँदै सम्बन्ध' नाम दिएर दसैं अफर ल्याएको छ । अफरअन्तर्गत १ हजार ग्राहकले भाटभटेनी सुपरमार्केटमा किनमेलका लागि ८ हजार रुपैयाँ बराबरको सपिङ भौचर पाउनेछन् । फाइनान्स सुविधा फटाफट हुनेछ भने एक्चेन्जमा १० हजार बोनस छ ।

होन्डाका बाइक तथा स्कुटर खरिद गर्न चाहने ग्राहकका लागि 'यो दसैं घर-घरमा लाखौंको उपहार' योजना ल्याइएको छ । आधिकारिक विक्रेता स्याकर ट्रेडिङले ल्याएको यो योजनाअन्तर्गत ग्राहकले स्क्र्याच कार्डमार्फत १ लाखसम्म नगद जित्न सक्नेछन् ।

यसबाहेक स्क्र्याचमा १० हजार, ५ वर्षको वार्षिक मर्मतमा लाग्ने खर्चमा १२ हजार ५०० रुपैयाँसम्म छुट, ६ वटा फ्री सर्भिसमा इन्जिन आयल निःशुल्क हुनेछ । १ प्रतिशत ब्याजदरमा सजिलो फाइनान्स सुविधा उपलब्ध रहेको कम्पनीले जनाएको छ ।

भेस्पा एप्रिलियाको आधिकारिक विक्रेता डेल्टा अटोकर्पले चाडपर्वलाई लक्षित गर्दै 'डबल या तेब्बर बबाल' अफर ल्याएको छ । अफर अन्तर्गत हरेक ग्राहकले स्कुटर खरिदमा एउटा स्क्र्याच कुपन पाउनेछन् । कुपनको क्यूआर कोड स्क्यान गरी स्क्र्याचमा पाएको रकमको तेब्बरसम्म ग्राहकले पाउने कम्पनीले जनाएको छ ।

साथै, हरेक हप्ता लक्की ड्रमार्फत थाइल्याण्ड घुम्न पाउने ग्राहक छनोट हुनेछन् । बम्पर उपहारमा एक जना ग्राहकले १० लाख नगद रुपैयाँ पाउनेछन् । एक्सचेन्ज बोनसमा ४० हजार रुपैयाँसम्म भ्यालु एड हुनेछ ।

यामाहा बाइक तथा स्कुटरको आधिकारिक विक्रेता एमएडब्लू इन्टरप्राइजेजले 'यामाहा राइड द ब्लु विथ रोडिज' योजना ल्याएको छ । यसमा १० लाखसम्म क्यास ब्याक उपलब्ध छ । साथै बिगिन योर ब्लु जर्नीमा ग्राहकले १ लाखसम्म नगद जित्न सक्नेछन् ।

यस्तै अनलक द विक्ली फनमा ग्राहकले यामाहा बाइक नै जित्न सक्ने कम्पनीले जनाएको छ । यसबाहेक ग्राहकले हेलमेट निःशुल्क, ४ वटा अतिरिक्त सर्भिस कुपन र स्पेयर पार्ट्समा ५ प्रतिशत छुट पाउनेछन् । स्पट एक्सचेन्ज, सजिलो फाइनान्सिङ, केही मोडलमा शून्य प्रतिशत ब्याजदरमा ईएमआई सुविधा रहेको कम्पनीले जनाएको छ ।

सीएफमोटोका मोटरसाकलमा ३५ हजार छुटदेखि विदेश घुम्ने अवसरको अफर ल्याइएको छ । सीएफमोटोको आधिकारिक विक्रेता रिलायन्स ग्रुप अन्तर्गतको ऋषि ट्रेड सेन्टरले बाइक एक्सेन्जमा ४५ हजारसम्म बोनस उपलब्ध गराउने योजना ल्याएको छ । सीएफमोटो किन्नेले हेलमेट निःशुल्क पाउनुका साथै लक्की ड्रमार्फत बाली घुम्ने अवसर पनि पाउनेछन् ।

हिरोको आधिकारिक विक्रेता सीजी मोटर्सले हाम्रो परम्परा अफर ल्याएको छ । यसमा ग्राहकले ८ हजारदेखि ५ लाख रुपैयाँसम्म नगद जित्ने सक्नेछन् । यस्तै, एक्सचेन्ज भ्यालु १० हजारदेखि १ लाखसम्म प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ । हिरोका दुई पाङ्गमा ५ वर्षको वारेन्टी दिइएको छ ।

# फोल्क्सवागनको पोलोले इभी भर्सनमार्फत पुनरागमन गर्दै




काठमाडौं- जर्मन ब्रान्ड फोल्क्सवागनको इन्ट्री लेभलको पोलो गाडी अब इलेक्ट्रिक संस्करणमा आउने भएको छ । कम्पनीले आईडी पोलो इभीका रुपमा यो गाडीलाई ल्याउन लागेको हो ।

यो गाडी फोल्क्सवागनको ह्याचब्याकतर्फ नेपालमा पनि निकै रुचाइएको गाडी हो । अब भने उक्त गाडी इभीमा आउने निश्चित भएको हो ।

यसको पेट्रोल भर्सन सन् २०२४ मा युरोपियन बजारमा प्रोडक्सन बन्द गरिएको थियो । भारतमा यसको उत्पादन १२ वर्षपछि सन् २०२२ मा बन्द गरिएको थियो । तर, ब्राजिलमा भने अहिले पनि यसको उत्पादन निरन्तर भइरहेको छ ।

अब भने विश्व बजारमा उक्त मोडलले इलेक्ट्रिक भर्सनका रुपमा पुनरागमन गर्ने तयारी गरेको हो ।

यो गाडी अर्को वर्षदेखि बजारमा आउने छ । आगामी वर्ष हुने म्युनिख मोटर शोमा यसको प्रोडक्सन मोडल देख्न पाइने छ । साथै यसको पर्फर्मेन्स कार आईडी पोलो जीटीआई पनि देख्न पाइने कम्पनीले जनाएको छ ।

फोल्क्सवागनका प्रमुख कार्यकारी अधिकृत (सीईओ) थोमस शेफरले व्याख्या गरेअनुसार फोल्क्सवागनका मोडेल नामहरू मानिसहरूको दिमागमा दृढतापूर्वक बसेका छन् । यी कारहरू एक बलियो ब्रान्डका रुपमा स्थापित छन् ।

गुणस्तर, टाइमलेस डिजाइन र सबै प्रविधिहरूमा राम्रो काम गरिरहेको भन्दै उनले त्यसैकारण फोल्क्सवागनले आफ्नो पुराना मोडललाई निरन्तरता दिने बताए । उनका अनुसार आईडी पोलो त सुरुवात मात्र हो ।

यसमा दुई वटा ३८ र ५६ किलोवाट आवर क्षमताको ब्याट्री प्याकमा उपलब्ध हुनेछ । यो गाडी ४ मिटर लामो र १.८ मिटर वाइड र १.५ मिटर अग्लो हुनेछ । यसमा भएको ब्याट्रीलाई फुल चार्ज गर्दा ४५० किलोमिटरसम्मको रेन्ज प्रदान गर्न सक्छ ।

यो गाडी एमईबी प्लेटफर्ममा निर्माण गरिनेछ । यसमा १२.९ इन्चको इन्फोटेनमेन्ट टचस्क्रिन र १०.९ इन्चको डिजिटल ड्राइभर डिस्प्ले हुने अनुमान गरिएको छ ।

# डालाई सीडीओको ब्याक टु ब्याक निर्देशन

काठमाडौं- अटो व्यवसायीहरुको संगठन नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाललाई जिल्ला प्रशासन कार्यलय काठमाडौंले फेरि अर्को निर्देशन दिएको छ ।

विशेष साधारण सभा रोक्न निर्देशन दिएको तेस्रो दिन सीडीओ कार्यालयले नाडालाई फेरि अर्को पत्र पठाएको हो ।

सीडीओ कार्यालयले नाडालाई प्रचलित कानुन, संस्थाको विधान तथा कार्यसमितिको निर्णय बमोजिम वार्षिक साधारण सभा, विशेष साधारण सभा वा संस्थासम्बन्धी अन्य काम गर्न बुधबार निर्देशन दिएको हो । स्थानीय प्रशासनले नाडालाई भदौ १६ गते विशेष साधारण सभा रोक्न निर्देशन दिएको थियो ।

विशेष साधारण सभा रोक्न निवर्तमान अध्यक्ष ध्रुवबहादुर थापा लगायत ९ जनाले सीडीओ कार्यालय गुहारेका थिए । सीडीओ कार्यालयले नाडाको संस्थापन र असन्तुष्ट दुवै पक्षलाई बोलाएर छलफल गरी कार्यसमितिको निर्णय अनुसार काम गर्न भनेको हो ।

सीडीओ कार्यालयको निर्देशन अनुसार विशेष साधारण सभाको विषय टुंगोमा पुऱ्याउन भन्दै नाडाले बिहीबार कार्यसमिति बैठक राखेको छ ।

बैठकले विशेष साधारण सभाको नयाँ मिति तोके अदालत जाने असन्तुष्ट पक्षको नेतृत्व गरिरहेका आकाश गोल्छाको तयारी छ । आकाश पक्षले विशेष साधारण सभा हुन नदिन नेपाल उद्योग वाणिज्य महासंघलाई पनि गुहारिसकेको छ ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार